







स्थानीय तह निर्वाचन २०७४

(सङ्घीय शासन व्यवस्थाको स्थानीय तह)

# पर्यवेक्षण प्रतिवेदन

आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल

GENERAL ELECTION OBSERVATION COMMITTEE, NEPAL (GEOC)

# आमनिर्वाचन पर्यवेक्षण समिति, नेपाल


## कार्यसमिति



**श्री हिमालय शम्सेर राणा**
अध्यक्ष
नेपाल नागरिक मञ्च - अध्यक्ष



**श्री कोमल प्रकाश घिमिरे, वरिष्ठ अधिवक्ता**
सदस्य
नेपाल कानून समाज - अध्यक्ष



**श्री माधव प्रसाद घिमिरे**
सदस्य
पूर्व कर्मचारी सेवा परिषद्, नेपाल - अध्यक्ष



**श्री सविता भण्डारी वराल, वरिष्ठ अधिवक्ता**
सदस्य
असहाय सेवा केन्द्र - महासचिव



**प्रो. श्री चिरञ्जीवि खनाल**
सदस्य
नेपाल प्रेस इन्स्टिचयुट - निर्देशक



**श्री सुनीता रेग्मी, वरिष्ठ अधिवक्ता**
सदस्य
ग्रामीण विकास प्रतिष्ठान - कोषाध्यक्ष



**श्री खेमराज रेग्मी**
सदस्य
नेपाल नागरिक समाज - अध्यक्ष



**श्री गणेशकुमार मण्डल**
सदस्य
मधेशी नागरिक समाज - संयोजक



**श्री हरिविनोद अधिकारी**
सदस्य
फ्रिडम फोरम - अध्यक्ष



**श्री बबिता बस्नेत**
सदस्य
मिडिया एड्भोकेसी ग्रुप - अध्यक्ष



**श्री कृष्णमान प्रधान**
सदस्य सचिव
नेपाल कानून समाज - कार्यकारी निर्देशक

# प्रकाशकीय

संविधानसभाबाट संविधान लेख्ने जनताको चाहना करिव सात दशकपछि २०७२ असोज ३ मा नेपालको संविधान जारी भएबाट पूरा भएको छ। यो संविधानबाट नेपाल एउटा केन्द्रीकृत शासन व्यवस्थाबाट संघात्मक– संघ, प्रदेश र स्थानीय तह– गरी तीन तहको शासन व्यवस्थामा प्रवेश गरेको छ। संविधानको कार्यान्वयनको सिलसिलामा तीन चरणमा २०७४ वैशाख ३१ मा शुरु भएको स्थानीय तहको निर्वाचन असोज २ मा सम्पन्न भएको छ। यो संविधानले स्थानीय सरकारको पुनर्संरचनाद्वारा स्थानीय तहमा अधिकारको प्रत्यायोजन गरेको छ। संविधानको यो महत्वपूर्ण पाइलाबाट स्थानीय तह आज कार्यकारिणी, व्यवस्थापिका र न्यायिक अधिकार सम्पन्न भएको छ।

निर्वाचनको पर्यवेक्षण गर्ने उद्देश्यले स्थापित आम निर्वाचन पर्यवेक्षण समिति नेपाल/जियोक (General Election Observation Committee Nepal/GEOC) विभिन्न क्षेत्रमा कार्यरत दशवटा संस्थाहरुको एउटा सञ्जाल हो। यसमा नेपाल कानून समाज, नेपाल नागरिक मञ्च, पूर्व कर्मचारी सेवा परिषद् नेपाल, असहाय सेवा केन्द्र, नेपाल प्रेस इन्स्टिच्यूट, ग्रामीण विकास प्रतिष्ठान, नेपाल नागरिक समाज, मधेशी नागरिक समाज, फ्रिडम फोरम र मिडिया एडभोकेसी ग्रुप रहेका छन्। यसले विगतमा २०४७ सालपछि सम्पन्न स्थानीय निकाय निर्वाचन २०४९ र २०५४ का साथै प्रतिनिधिसभा सदस्य र संविधानसभाको पनि पर्यवेक्षण गरेको छ। नेपालको संविधान २०७२ अनुसार पुनर्संरचित नेपालको संघीय शासन व्यवस्था अनुसार २० वर्षपछि भएको स्थानीय तहको यो निर्वाचनमा जियोकले राष्ट्रिय, जिल्ला र स्थानीय तीनवटै स्तरमा पर्यवेक्षण गरेको छ। यसले निर्वाचन पूर्व, मतदानको दिन र निर्वाचन पछि जम्मा तीन चरणमा पर्यवेक्षण कार्य सम्पन्न गरेको छ।

जियोकले निर्वाचन पूर्व गरिएका पर्यवेक्षणका क्रममा राजनीतिक दलहरुको गतिविधि र आचार संहिताको पालना, सुरक्षा र राजनीतिक हिंसा लगायत निर्वाचनको वातावरण र अवस्थाबारे प्रारम्भिक प्रतिवेदन तयार गरी पत्रकार सम्मेलन मार्फत सार्वजनिक गरेको थियो। मतदानको दिनमा स्वतन्त्र र स्वच्छ निर्वाचनबारे प्रश्नावलीद्वारा आवश्यक जानकारी सङ्कलन गर्नको लागि पर्यवेक्षकहरु परिचालन गरिएका थिए। सो दिन सचिवालयबाट जिल्लास्थित पर्यवेक्षकहरुसँग निर्वाचनको अवस्थाबारे जानकारी समेत लिइयो। मतदानपछिको स्थितिको सम्बन्धमा जिल्लाबाट प्राप्त जानकारी र राष्ट्रिय पर्यवेक्षकहरुको स्थलगत अध्ययनबाट प्राप्त विवरणहरुलाई समेटी तयार गरिएको मतदान बारेको प्रारम्भिक प्रतिवेदन पत्रकार सम्मेलन गरी सार्वजनिक गरिएको थियो।

जियोकले सबै प्रदेश र हिमाली, पहाड र तराई गरी जम्मा ३० जिल्लामा पर्यवेक्षण गरेको थियो। यसका लागि लामो अवधिमा ७० जना, जसले निर्वाचनको सम्पूर्ण प्रक्रियाको पर्यवेक्षण गरे भने छोटो अवधिमा ६५० जना पर्यवेक्षकहरुले मतदानसम्बन्धी प्रक्रियाको विस्तृत रुपमा पर्यवेक्षण गरेका थिए। पर्यवेक्षकहरुको चयन गर्दा अनुभवी र बौद्धिकवर्गको सहभागिता गराउनुकासाथै महिला, दलित, आदिवासी/जनजाति, मुस्लिम, मधेशीको समावेशी सहभागितामा ध्यान दिइएको थियो। निर्वाचन स्वच्छ र निष्पक्ष रुपमा सम्पन्न भए–नभएकोबारे जानकारी प्राप्त गर्न विभिन्न सरोकारवाला मतदाता, राजनीतिक कार्यकर्ता र निर्वाचन अधिकृतहरुका सोचको वस्तुगत जानकारी हाँसिल गर्ने कामलाई सरलीकरण गर्ने उद्देश्यले चार प्रकारका प्रश्नावलीहरु तयार गरिएका थिए। साथै, पर्यवेक्षण गरिने नगरपालिका र गाउँपालिकाको चयन र मतदाताहरूलाई सोध्ने प्रश्नहरूमा यथासम्भव एकरुपता कायमहोस भन्नाका लागि पर्यवेक्षण गर्ने संस्थाहरू विशेषगरी जियोक, नियोक र संकल्पबीच लगातार छलफल र मस्यौदा प्रश्नावलीको आदानप्रदान गरिएको थियो। मतदानदेखि मतगणना सम्मका सबै प्रक्रियाको भरपर्दो सूचना र तथ्याङ्क प्राप्त गर्ने मनसायले निर्वाचन प्रक्रियाको प्रत्यक्ष अवलोकनका साथै सरोकारवालाहरुको विचार बुझ्न अन्तवार्ताको माध्यम अपनाइएको थियो। पर्यवेक्षण प्रश्नावली महिला तथा पुरुष र गाउँपालिका र नगरपालिका दुबै क्षेत्रको सन्तुलित जानकारी प्राप्त हुनेगरी डिजाइन गरिएको थियो। प्राप्त विवरणलाई कोड मार्फत विभिन्न तालिकामा रुपान्तर गरी विश्लेषण गरिएको छ। प्रस्तुत प्रतिवेदन जियोकले पर्यवेक्षणका लागि चयन गरेको ३० जिल्लाका जम्मा ७२० पर्यवेक्षकहरुबाट प्राप्त जानकारीको संश्लेषण हो।

पर्यवेक्षणमा उत्तरदाताहरूबाट प्राप्त जानकारीहरूलाई प्रतिवेदनको रुपमा मुख्य लेखन र संयोजन गर्ने श्री गोविन्द दास श्रेष्ठ र उहाँका लेखन सहयोगीहरु श्री हस्तबहादुर गुरुङ–वरिष्ठ पत्रकार, श्री उषा मल्ल पाठक–लैङ्गिकविज्ञ, श्री गणेशकुमार मण्डल–समावेशीविज्ञ प्रति जियोक आभार व्यक्त गर्दछ। प्राप्त जानकारीहरूलाई कोडिङ् गरी तथ्याङ्कलाई तालिकामा प्रस्तुत गर्नुहुने श्री अस्वस्थामा पोखेल र भाषा सम्पादन गर्नुहुने श्री माधव घिमिरे धन्यवादका पात्र हुनुहुन्छ। मस्यौदा लेखनको विभिन्न चरणहरूमा बहुमूल्य सुझावहरू प्रदान गरी सहयोग गर्नु भएकोमा जियोकका कार्यकारी सदस्यहरू, नेपाल कानून समाजका कार्यकारी निर्देशक श्री कृष्णमान प्रधान धन्यवादका पात्र हुनुहुन्छ। जियोकको सचिवालयको नेतृत्व गर्नुहुने श्री मिलन श्रेष्ठ र वहाँको समूहलाई पनि धन्यवाद ज्ञापन गर्दछु।

जियोकलाई निर्वाचन पर्यवेक्षण अनुमति प्रदान गरी आवश्यक जानकारी उपलब्ध गराई सहयोग गर्ने निर्वाचन आयोग, गृह प्रशासन, जिल्ला निर्वाचन अधिकृत, राजनीतिक दल, उम्मेदवार, मतदाता, पर्यवेक्षक, पत्रकार, नागरिक समाज लगायत सम्पूर्ण महानुभाव र संस्थाहरूप्रति आभार सहित धन्यवाद व्यक्त गर्दछु।

निर्वाचन पर्यवेक्षण कार्य र प्रतिवेदन प्रकाशन गर्न आर्थिक सहयोग गर्ने Royal Norwegian Embassy, Kathmandu लाई जियोकका तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु। साथै अन्त्यमा निर्वाचन पर्यवेक्षण कार्यलाई प्रभावकारी रुपमा सम्पन्न गर्न सहयोग गर्ने नियोक, संकल्प र एन.डि.आई. परिवारलाई धन्यवाद ज्ञापन गर्दछु।

हिमालय शम्सेर राणा
अध्यक्ष
आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल

२०७४ कार्तिक

# कार्यकारी सारांश

जनताको प्रतिनिधि संविधानसभाबाट जारी नेपालको संविधान २०७२ को कार्यान्वयनको पहिलो खुड्किलो स्थानीय तहको निर्वाचन तीन चरणमा २०७४ असोज २ गते सम्पन्न भएको छ। मधेस केन्द्रित दलहरूसँग सरकारले गरेको पटक–पटकको छलफलपश्चात विद्यमान राजनीतिक र संवैधानिक द्वन्द्वमा कमी आएबाट पहिलो दुई चरणको निर्वाचनमा भाग नलिएको राष्ट्रिय जनता पार्टीको तेस्रो चरणको निर्वाचनमा सहभागिता सुनिश्चित गर्‍यो । यो निर्वाचनबाट स्थानीय तहको गठन भई मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको जग निर्माण भएको छ। संविधान कार्यान्वयनको क्रममा भएको यो स्थानीय तहको निर्वाचन नेपालको सङ्घीय शासन व्यवस्थाको एउटा महत्वपूर्ण पाइला हो।

निर्वाचन स्वच्छ, स्वतन्त्र एवं भयरहित वातावरणमा सम्पन्न गर्न र निर्वाचनको विश्वसनीयतामा सहयोग पुर्‍याउन आम निर्वाचन पर्यवेक्षण समिति नेपाल (जियोक) विगतमा झैं यो निर्वाचनमा पनि संलग्न भयो। जियोक विभिन्न क्षेत्रमा कार्यरत दश वटा संस्थाहरुको एउटा सञ्जाल हो। स्थानीय तहको निर्वाचनभन्दा पहिले यो संस्थाले स्थानीय निकाय, प्रतिनिधिसभा सदस्य र संविधानसभा सदस्य निर्वाचनको पर्यवेक्षण गरिसकेको छ। विशुद्ध गैरराजनीतिक प्रकृतिको यो संस्थाले गर्ने पर्यवेक्षणमा स्वतन्त्र बुद्धिजीवि, कानूनविद्, पूर्व कर्मचारी, समाजसेवी, मानव अधिकारवादी, प्राध्यापक, वरिष्ठ पत्रकारहरूको सहभागिता रहेको छ। निर्वाचनको पर्यवेक्षण गर्न र यो प्रतिवेदन प्रकाशनका लागि नर्वेजियन सरकारको उदार आर्थिक सहयोग रहेको छ।

नेपालको संविधान अनुसार सङ्घीय संरचनामा तीन तह सङ्घीय, प्रदेश र स्थानीय तह रहेका छन्। यी तीनै तहका सरकारका अधिकारहरू संविधानमै व्यवस्था गरिएको छ। निर्वाचनपछि गठन हुने स्थानीय तहको सरकार विधायिकी, कार्यकारी र केही हदसम्म न्यायिक अधिकारसम्पन्न हुनेछ। स्थानीय तहको गठनपछि सिंहदरवारमा केन्द्रित कार्यकारी अधिकार गाउँघरमा आउने भएकोले जनता लोकतन्त्रको बहालीबारे आतुर भएको कुरा निर्वाचनमा ठूलो संख्यामा मतदाताको सहभागिताबाट स्पष्ट हुन्छ।

स्थानीय सरकारको गठन प्रक्रिया प्रत्यक्ष र समावेशी छ। गाउँपालिका र नगरपालिकाका पदाधिकारी प्रत्यक्ष र वालिग मताधिकारका आधारमा निर्वाचित गर्ने पद्धतिबाट स्थानीय लोकतन्त्र र जवाफदेहिताको संस्थागत विकास हुने विश्वास गर्न सकिन्छ। दलित र पछाडि पारिएका समुदायका नागरिकलाई शासन व्यवस्थाको मूलधारमा ल्याउने अभिप्रायले स्थानीय तहको कार्यकारीमा ४० प्रतिशत प्रतिनिधित्वको व्यवस्था गरिएको छ।

स्थानीय तहको यो निर्वाचन तीन चरणमा सम्पन्न गरियो। निर्वाचनमा मधेस केन्द्रित दलहरूको सहभागिता सुनिश्चित गर्न प्रदेश–२ मा नामावली सङ्कलनको थप कार्यक्रम पनि भयो। यस अतिरिक्त निर्वाचन सुरु भएपछि पनि स्थानीय तहको संख्या बढाउने काम भयो र निर्धारित ७४४ स्थानीय तहको संख्या प्रदेश–२ मा ९ स्थानीय तह थप भई यो संख्या ७५३ पुग्यो। यी निर्णयहरूले निर्वाचनमा राष्ट्रिय जनता पार्टीको पनि सहभागिता सुनिश्चित गर्‍यो।

निर्वाचन आयोगले आम निर्वाचनपूर्व र नियमित रुपमा फोटोसहितको मतदाता नामावली अपडेट गर्नेगरेबाट मतदान धेरै सहजमात्र होइन निर्वाचनमा फर्जि मतको प्रयोग निरुत्साहन गर्नमा पनि ठूलो सहयोग पुगेको छ। तथापि, जियोकले पर्यवेक्षण गरेका जिल्लाका प्राय सबै निर्वाचन केन्द्रहरूमा यस पटक पनि मतदाता नामावलीमा प्रसस्तै त्रुटि र नामावली र परिचयपत्र बीच तालमेलको अभाव भने देखियो। जियोकले पर्यवेक्षण गरेका ३४ जिल्लामध्ये ३० जिल्लामा मतदाता सूचीमा नाम नभएको कारण २४० मतदाता मतदानबाट वञ्चित हुनपुगे। यस्तो हुनुमा मतदाताको कमजोरी पनि हो। तथापि, मतदाता नामावलीलाई दुरुस्त बनाउने काममा आयोग मतदाता प्रति उत्तरदायी नहुँदा जनताको नागरिक अधिकारको प्रयोगमा बाधा पुग्नगएको देखियो।

स्थानीय निकायमा निर्वाचित प्रतिनिधिको ५ वर्षे पदावधि २०५९ असारमा सकिए यता कर्मचारी र सर्वदलीय संयन्त्रबाट स्थानीय निकायको काम सञ्चालन हुँदै आएकोमा धेरै समयपछि विकास निर्माणको काम अब जनप्रतिनिधिको हातमा आउने भएकोले आम जनतामा उत्साह छाएको हो। यो उत्साह उम्मेदवारी दर्तासँगै सबै प्रदेशमा देखिएको छ। हाल कायमभएको ७५३ स्थानीय तहमा निर्वाचित हुने जनप्रतिनिधिहरूको संख्या ३५,२२१ र उम्मेदवारहरूको संख्या १,४९,१६२ रहेकोबाट जनताका लागि यो निर्वाचनको महत्व स्पष्ट हुन्छ।

हालको स्थानीय तहको निर्वाचनमा अपनाइएको समावेशी निर्वाचन प्रणाली अनुसार मतपत्रमा एकभन्दा बढी कोठामा स्वस्तिक चिन्ह लगाई आफ्नो मत सङ्केत गर्नुपर्ने, मतपत्र ज्यादै लामो र उम्मेदवार नभएको स्थानीय तह र वडामा पनि सबैको निर्वाचन चिन्ह समावेश हुनगएकोले औसत मतदातालाई मतदान गर्न सहज भएन। निर्वाचन आयोगले पनि यो विषयलाई गम्भिरताका साथ लिई समावेशी मतदान प्रक्रियाका बारेमा जानकारी दिने उद्देश्यले विभिन्न कार्यक्रमका अतिरिक्त मतदाताका घरदैलोसम्म मतदाता शिक्षा स्वयंसेवक टोली खटाए तापनि मतदाता शिक्षा कमजोर रहेको विषय पर्यवेक्षणबाट स्पष्ट भएको छ। यसको प्रभाव बदर मतको प्रतिशतमा परेको देखियो। उदाहरणका लागि कपिलवस्तुमा यो प्रतिशत २२.७ रह्योभने ललितपुरमा १६.० प्रतिशत।

आम निर्वाचनको तयारी गर्न निर्वाचन आयोगलाई न्यूनतम् चार महिनाको समय आवश्यक पर्ने भनिए तापनि निर्वाचन मिति तोक्ने निर्णय र आवश्यक ऐननियम निर्माण समयमै हुन सकेन। तथापि, उपलब्ध सीमित समयमा निर्वाचन आयोगबाट निर्वाचनका लागि आवश्यक सामग्रीहरुको बन्दोबस्त र ढुवानीका सम्पूर्ण काम समयमै पूरा भए। उम्मेदवार मनोनयनपछि निर्वाचन चिन्ह प्रदान र मतपत्र छपाईका लागि उपलब्ध समय बहुत कम भएकोले उम्मेदवारको संख्या र नाम अनुसारको निर्वाचन चिन्ह मात्र राखी मतपत्र डिजाइन नहुँदा मतपत्र ज्यादै लामो हुनगयो।

निर्वाचनताकाको मौसम गर्मी र वर्षातको ख्याल नगरी त्रिपाल आदिको व्यवस्थामा ध्यान पुग्न नसकेकोले मतदाताले ठूलो समस्या भोग्नु पऱ्यो। निर्वाचन आयोजनाको बजेटमा मतदाता–मैत्री निर्वाचनस्थलको प्रबन्ध र निर्वाचन केन्द्रको लजिष्टिक आवश्यकताबारे उचित विचार पुऱ्याइएको पाइएन।

तेस्रो चरणसम्म आइपुग्दा उम्मेदवारी छनौटमा साम, दाम, दण्ड, भेदको नीति उचाइमै पुग्यो। यो चरणको निर्वाचन विशेषगरी नेपाली काङ्ग्रेस र मधेसवादी दलका लागि प्रतिष्ठाको विषय रह्यो। नेपाली काङ्ग्रेसका लागि पहिलो हुने चुनौति थियोभने राष्ट्रिय जनता पार्टीका लागि अस्तित्वको सवाल थियो। यो चरणको उम्मेदवारी दर्तामा दलहरू निर्वाचन जित्नकै लागि आफ्नो राजनीतिक मूल्य मान्यता विपरित दलको उचाई बढाउनेभन्दा गिराउने संभावना भएका उम्मेदवारहरू निर्वाचनमा खडागरेको देखियो। उम्मेदवारीको अन्तिम समयमा समेत दल बद्लेर आएकालाई उम्मेदवार बनाइयो। उम्मेदवारी छनौटमा पैसा र शक्तिको आधार लिइएको स्पष्ट देखियो।

तीन चरणमा सम्पन्न यो निर्वाचनमा दल तथा उम्मेदवारहरूबाट प्रचार–प्रसार र खर्चको सीमासम्बन्धी आचारसंहिताको उल्लङ्घनका घटनाहरू निर्वाचनको चरणसँगै बढेर गएको देखियो। पहिलो चरणको निर्वाचन भरतपुर महानगरपालिका बाहेक अन्य जिल्लाहरूमा समग्रमा स्वच्छ रुपमा सम्पन्न भएको हो। दोस्रो चरणमा आइपुग्दा विशेषगरी तराईका जिल्लाहरूमा तीन मुख्य दलहरूमा को पहिलो हुने भन्ने प्रतिस्पर्धाका कारण प्रचार–प्रसार र चुनावमा खर्चको परिधि अविश्वसनीय रुपले बढेको देखियो। तेस्रो चरणमा आइपुग्दा राष्ट्रिय जनता पार्टीको सहभागिताले प्रमुख दलहरूमा प्रतिस्पर्धामात्र होइन प्रतिष्ठाले पनि ठूलो स्थान लियो। विशेषगरी महानगरपालिका र उप–महानगरपालिका क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धाका कारण चुनाव खर्चले सीमा नाघेको देखियो। भड्किलो निर्वाचन खर्चले समाजमा विकृति ल्याउनुका साथै अन्त्यमा यसले भ्रष्टाचार बढाउने निश्चित छ। खर्चसम्बन्धी आचारसंहिताको पालनामा दलहरू जवाफदेही नहुनु र निर्वाचन आयोग निगरानी र कारवाहीमा गम्भिर नहुनु स्वच्छ निर्वाचनका लागि शुभ हुनसक्दैन।

कतिपय स्थानमा प्रचार–प्रसार आचारसंहिता उलङ्घनका घटनाहरूमा प्रमुख निर्वाचन अधिकृतको कार्यालयको सकृयताबाट कारवाही भए। आचारसंहिता उलङ्ंघन गरी टाँसिएका पोष्टर, टाँगिएका झन्डा प्रहरी र अन्य कर्मचारी लगाई हटाइए। उलङ्ंघनका मौखिक उजुरीहरूबारे प्रमुख जिल्ला अधिकारी र प्रहरीमार्फत समाधान गरिए। केही स्थानमा उलङ्घनका घटनाहरूमा स्पष्टिकरण मागियो। तर कारवाही चाहिं यस्तो काम नदोहोरिने शर्तमा सीमित हुनपुगे। उलङ्घन भएकामा जरिवाना गरिएको जानकारीमा आएन। निर्वाचन आयोग र आयोगका पदाधिकारीहरुको निर्वाचन जसरी पनि सम्पन्न गर्नुपर्दछ भन्ने तर्फ केन्द्रित हुँदा निर्वाचन आचार संहिता पालना

गराउन बढी सक्रिय नभएकोले निर्वाचन धेरै महङ्गो हुन गयो। आगामी दिनमा पैसा र शक्ति नहुने व्यक्ति कुनै पनि निर्वाचनमा उम्मेदवार हुने र निर्वाचित हुने सम्भावना न्यून रहन गयो।

पहिलो चरणको निर्वाचन हुनुभन्दा पहिले विशेषगरी राष्ट्रिय जनता पार्टीको निर्वाचन वहिष्कार र निर्वाचन बिथोल्न माओवादी विप्लव समूहको भौतिक कारवाहीको धम्कीका कारण सदरमुकाम भन्दा बाहिरका गाउँहरूमा उम्मेदवार र जनतामा त्रासको स्थिति रहेको थियो। केही स्थानमा विष्फोटन र सवारी साधनमा आगो लगाउने जस्ता घटना घटे तापनि मतदातामा यसको खासै असर परेन। निर्वाचनका लागि सरकारले गरेको सुरक्षा व्यवस्था समग्रमा सन्तोषजनक रह्यो। बीस वर्षपछि भएको स्थानीय तहको निर्वाचनमा मतदान गर्न आतुर जनताको अठोटका कारण निर्वाचनमा जनताको सहभागिता उल्लेख्य मात्रामा रह्यो।

# विषय–सूची

प्रकाशकीय

कार्यकारी सारांश

परिच्छेद १ – आम निर्वाचन पर्यवेक्षण समिति नेपाल र निर्वाचन पर्यवेक्षण

१.१ भूमिका ........ १

१.२ सञ्जालको उद्देश्य ........ १

१.३ सञ्जालको स्वरुप ........ १

१.४ सञ्जालको दायित्व ........ २

१.५ पर्यवेक्षकको आचार संहिता र दायित्व ........ २

१.६ सञ्जालको सचिवालय ........ २

१.७ पर्यवेक्षण कार्यक्रम र समन्वय ........ २

परिच्छेद २ – पर्यवेक्षण विधि

२.१ पर्यवेक्षणको आकार ........ ४

२.२ पर्यवेक्षण प्रश्नावली ........ ४

२.३ पर्यवेक्षण तालिम ........ ५

२.४ पर्यवेक्षण नमूनाको आकार ........ ५

परिच्छेद ३ – स्थानीय तह निर्वाचन सम्बन्धी नेपाल कानूनको समीक्षा

३.१ निर्वाचन सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड ........ ६

३.२ स्थानीय तह निर्वाचन सम्बन्धी नेपाल कानून ........ ६

३.२.१ नेपालको संविधान (२०७२) ........ ६

३.२.२ निर्वाचन आयोग ऐन, २०७३ ........ ७

३.२.३ निर्वाचन (कसूर तथा सजायं) ऐन, २०७३ ........ ७

३.२.४ राजनीतिक दल सम्बन्धी ऐन, २०७३ ........ ७

३.२.५ स्थानीय तह निर्वाचन ऐन, २०७३ ........ ७

३.२.६ मतदाता नामावली ऐन, २०७३ ........ ८
३.२.७ स्थानीय तह निर्वाचन आचारसंहिता ........ ८
३.२.८ निर्वाचन पर्यवेक्षकहरुका लागि पर्यवेक्षण आचारसंहिता ........ ८

परिच्छेद ४ – सङ्घीय शासन व्यवस्थामा स्थानीय तह
४.१ सङ्घीय शासन व्यवस्थामा स्थानीय तह ........ ९
४.२ स्थानीय कार्यपालिका ........ ९
४.३ स्थानीय व्यवस्थापिकाको गठन ........ १०
४.४ जिल्ला सभा र जिल्ला समन्वय समितिको गठन ........ १०
४.५ न्यायिक समिति र महिला सहभागिता ........ १०
४.६ समावेशी प्रतिनिधित्व ........ १०

परिच्छेद ५ – स्थानीय तह निर्वाचन पर्यवेक्षण विश्लेषण
५.१ निर्वाचन व्यवस्थापन ........ १२
५.१.१ मतदाता दर्ता र परिचयपत्र वितरण ........ १३
५.१.२ मतदाता शिक्षा ........ १३
५.१.३ निर्वाचन केन्द्रको प्रबन्ध र व्यवस्थापन ........ १४
५.२ निर्वाचन अभियान तथा मतदान ........ १५
५.२.१ उम्मेदवारी दर्ता ........ १५
५.२.२ निर्वाचन आचारसंहिताको पालना ........ १६
५.२.३ निर्वाचन अभियान र सुरक्षा स्थिति ........ १७
५.२.४ राजनीतिक हिंसा ........ १८
५.२.५ मतदान ........ १८
५.२.६ मतदाताका दृष्टिमा मतदान ........ २०
५.२.७ राजनीतिक कार्यकर्ताका दृष्टिमा मतदान ........ २०
५.२.८ पर्यवेक्षकका दृष्टिमा मतदान ........ २०
५.२.९ पुनः मतदान ........ २१
५.३ मत गणना र निर्वाचन परिणाम ........ २१
५.४ महिला सहभागिता र लैङ्गिक सम्वेदनशीलता ........ २४
५.५ आम सञ्चार माध्यम ........ २४
५.६ निर्वाचन उजुरी ........ २४
५.७ निर्वाचन पर्यवेक्षण समन्वय ........ २५

परिच्छेद ६ – निष्कर्ष र सुझाव


६.१ मतदाता नामावली सङ्कलन र मतदाता परिचयपत्र ....... २६
६.२ मतदाता शिक्षा ....... २६
६.३ निर्वाचन व्यवस्थापन र मतदान ....... २६
६.४ निर्वाचन आचारसंहिता ....... २७
६.५ सुरक्षा व्यवस्था ....... २७
६.६ राजनीतिक हिंसा ....... २८
६.७ महिला प्रतिनिधित्व ....... २८
६.८ निर्वाचन पर्यवेक्षणमा समन्वय ....... २८
६.९ सुझावहरु ....... २९
६.९.१ निर्वाचन आयोग ....... २९
६.९.२ नेपाल सरकार ....... ३०
६.९.३ राजनीतिक दल ....... ३०
६.९.४ निर्वाचन खर्च ....... ३०
६.९.५ पर्यवेक्षण ....... ३१
६.९.६. न्यायपालिका ....... ३१


अनुसूचीहरु


अनुसूची १ – राष्ट्रिय पर्यवेक्षकहरु ....... ३२
अनुसूची २ – जिल्ला पर्यवेक्षकहरु ....... ३५

# आम निर्वाचन पर्यवेक्षण समिति नेपाल र निर्वाचन पर्यवेक्षण

## १.१. भूमिका

नेपाली जनताले झण्डै सात दशकअघि सुरुगरेको लोकतान्त्रिक आन्दोलन र त्यसपछि पटक–पटक गर्दैआएको जन आन्दोलन, सशस्त्र सङ्घर्षको फलस्वरुप पहिलो पटक जनताका प्रतिनिधि संविधानसभाबाट २०७२ असोज ३ गते नेपालको संविधान जारी भयो। जारी संविधानले मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा जनताको दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गरेको छ। संविधान कार्यान्वयनको क्रममा भएको यो स्थानीय तहको निर्वाचन नेपालको पुनर्सरचित शासन व्यवस्थाको एउटा महत्वपूर्ण पाइला हो। यो निर्वाचनपश्चात मुलुकको शासन व्यवस्था आज जनताको घरदैलोमा पुगेको छ। स्थानीय तह कार्यकारिणी, व्यवस्थापिका र केही हदसम्म न्यायिक अधिकारसम्पन्न छ। अहिलेको गाउँपालिका र नगरपालिका प्रत्यायोजित अधिकार होइन संविधानप्रदत्त कार्यकारिणी अधिकारसहितको स्थानीय सरकारमा रुपान्तरित भएको छ।

## १.२. सञ्जालको उद्देश्य

आम निर्वाचन पर्यवेक्षण समिति नेपाल/जियोक (General Election Observation Committee Nepal/GEOC) निर्वाचनको पर्यवेक्षण गर्ने उद्देश्यले स्थापना भएको हो। यसमा विभिन्न क्षेत्रमा कार्यरत दश वटा संस्थाहरु रहेका छन्। पर्यवेक्षणले निर्वाचन स्वच्छ, स्वतन्त्र एवं भयरहित वातावरणमा सम्पन्न गर्न सहयोग पुऱ्याउन र निर्वाचनलाई विश्वसनीय र वैधता प्रदान गर्न मद्दत गर्दछ। जियोकले विगतमा २०४७ सालपछि सम्पन्न स्थानीय निकाय निर्वाचन २०४९ र २०५४ का साथै प्रतिनिधिसभा सदस्यको निर्वाचन २०४८, २०५१ र २०५६ को पर्यवेक्षण गरिसकेको छ। यस सञ्जालले नेपालको अन्तरिम संविधान अन्तर्गत संविधानसभा सदस्य निर्वाचन, २०६४, २०७० र संविधानसभा सदस्य उप–निर्वाचन २०७१ को पनि पर्यवेक्षण गरेको छ। यस क्रममा जनताका प्रतिनिधि संविधानसभाबाट जारी नेपालको संविधान २०७२ अनुसार पुनर्संरचित नेपालको सङ्घीय शासन व्यवस्था अनुसार २० वर्षपछि भएको स्थानीय तहको निर्वाचनको पर्यवेक्षणमा जियोक फेरि एक पटक सामेल भएको छ। यसले निर्वाचनको राष्ट्रिय, जिल्ला र स्थानीयस्तरमा पर्यवेक्षण गरी निर्वाचन आयोगमा सुझावसहितको प्रतिवेदन पेश गर्नुका साथै प्रतिवेदन सार्वजनिक गर्दछ।

जियोकले निर्वाचन आयोगद्वारा सञ्चालन हुने निर्वाचन स्वतन्त्र, निष्पक्ष, भयरहित र धाँधलीरहित रुपमा भएको छ वा छैन भन्ने कुराको स्वतन्त्र रुपमा पर्यवेक्षण गर्दछ। यसले निर्वाचन आयोगले सार्वजनिक गरेको निर्वाचन कार्यक्रम अनुरुप निर्वाचनका विभिन्न चरणहरु (मतदाताको नामदर्ता, उम्मेदवारको चयन, मतदान, मतगणना र परिणाम घोषणा समेत) मा घटेका घटनाहरुको पर्यवेक्षण गरी प्राप्त जानकारीका आधारमा प्रतिवेदन सार्वजनिक गर्दछ।

## १.३. सञ्जालको स्वरुप

नेपाल कानून समाज, नेपाल नागरिक मञ्च, पूर्व कर्मचारी सेवा परिषद् नेपाल, असहाय सेवा केन्द्र, नेपाल प्रेस इन्स्टिच्यूट, ग्रामीण विकास प्रतिष्ठान, नेपाल नागरिक समाज, मधेशी नागरिक समाज, फ्रिडम फोरम र मिडिया एडभोकेसी ग्रुप जियोकको संस्थागत सदस्य रहेका छन्। उल्लिखित विभिन्न क्षेत्रमा कार्यरत १० वटा संस्थामा स्वतन्त्र बुद्धिजीवि, कानूनविद्, पूर्व कर्मचारी, समाजसेवी, मानव अधिकारवादी,

प्राध्यापक, वरिष्ठ पत्रकारको सहभागिता रहँदै आएको छ। यस सञ्जालले आफ्ना सदस्यहरु मार्फत देशका सम्पूर्ण जिल्लामा विभिन्न कार्यक्रम मार्फत उपस्थिति देखाउँदै आएको छ।

## १.४. सञ्जालको दायित्व

स्थानीय तह निर्वाचन २०७४ लाई सफलताका साथ सम्पन्न गर्न जियोकले आफ्नो चुनाव पर्यवेक्षण स्वतन्त्र, निष्पक्ष र तटस्थ पर्यवेक्षकहरुबाट गराउने दायित्व बोकेको छ। जियोकले आफ्नो दायित्व पूरा गर्ने क्रममा पर्यवेक्षणका लागि आवश्यक सहयोग पुऱ्याउन सचिवालय सञ्चालन गर्दै आएको छ। यसले स्थानीय तह निर्वाचन पर्यवेक्षणका लागि सञ्जालका सदस्य संस्थाहरुसँग समन्वय गरी राष्ट्रिय, जिल्ला, निर्वाचन क्षेत्र तथा गाउँ र नगरस्तरीय पर्यवेक्षक चयन गर्दछ। यसैगरी जियोकले निर्वाचनको पर्यवेक्षण गरिसकेपछि आफ्ना गतिविधि तथा प्रतिवेदनहरु निर्वाचन आयोगलगायत राजनीतिक दल र अन्य सम्बन्धित निकायहरुमा पठाउने र सार्वजनिक गर्ने गर्दछ। साथै, यसले आफ्ना सबै गतिविधिहरु निष्पक्ष, स्वतन्त्र र पारदर्शी ढङ्गले सम्पन्न गर्ने गर्दछ। यस क्रममा निर्वाचन पूर्व, मतदान, मतगणनाको पर्यवेक्षणका साथै पत्रकार सम्मेलन गरी पर्यवेक्षण प्रतिवेदन सार्वजनिक गर्दछ।

## १.५. पर्यवेक्षकको आचार संहिता र दायित्व

निर्वाचन पर्यवेक्षकहरुलाई व्यवस्थित र सहजीकरण गर्न निर्वाचन आयोगले राष्ट्रिय पर्यवेक्षकहरूका लागि स्थानीय तह निर्वाचन पर्यवेक्षण आचार संहिता, २०७३ र स्थानीय तह निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७३ जारी गरेको छ। उक्त आचार संहिता बमोजिम अनुमति प्राप्त निर्वाचन पर्यवेक्षकहरुले निर्वाचन स्वतन्त्र रुपमा पर्यवेक्षण गर्ने अधिकार प्राप्त गर्दछ। आचार संहिता अनुसार निर्वाचनको क्रममा प्राप्त जानकारी निर्वाचन आयोग र मातहतका कर्मचारीहरुलाई जानकारी गराउनु पर्यवेक्षकको कर्तव्य हुनआउँछ। जियोक पर्यवेक्षकले आयोगको आचार संहिता अन्तर्गतरही निर्वाचन स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित ढङ्गबाट सम्पन्नगर्ने कार्यमा निर्वाचन प्रक्रियामा संलग्न राजनीतिक दल, दलका कार्यकर्ता, उम्मेदवार, मतदाताकासाथै निर्वाचनको व्यवस्थापनमा खटिएका कर्मचारीलगायत सबै सरोकारवालाहरुको भूमिका र व्यवहारबारे जियोकले तयार गरेको प्रश्नावली बमोजिम जानकारी सङ्कलन गर्दछ। प्राप्त जानकारीका आधारमा पर्यवेक्षकले आफू तटस्थ भई प्रतिवेदन बुझाउँछ। साथै, पर्यवेक्षकले निर्वाचन कानून अनुसार निर्वाचनको तयारी र व्यवस्थापनका बारेमा भविष्यमा गर्नुपर्ने सुधार बारे सुझाव सहित आफ्नो प्रतिवेदन बुझाउँछ।

## १.६. सञ्जालको सचिवालय

निर्वाचन पर्यवेक्षणको कामका लागि दैनिक कार्य सञ्चालन गर्न र अन्य आवश्यक सहयोगका लागि जियोकको केन्द्रीय सचिवालय नेपाल कानून समाज, बबरमहल, काठमाण्डौमा रहेको छ। पर्यवेक्षण कार्यको समन्वय र आवश्यक जनशक्तिको व्यवस्था गर्नका लागि राष्ट्रिय पर्यवेक्षक परिषद् रहेकोछ। सबै सदस्य संस्थाहरुको प्रतिनिधित्व हुने गरी श्री हिमालय शम्सेर राणाको अध्यक्षतामा एउटा कार्यसमिति रहेको छ।

## १.७. पर्यवेक्षण कार्यक्रम र समन्वय

निर्वाचन पर्यवेक्षण कार्यलाई जियोकले निर्वाचन पूर्व, मतदानको दिन र निर्वाचन पछि जम्मा तीन चरणमा पर्यवेक्षण कार्य सम्पन्न गरेको थियो। स्थानीय तहको निर्वाचन पहिलो चरणमा २०७४ वैशाख ३१ गते, दोस्रो चरणमा आषाढ १४ गते र तेस्रो चरणमा असोज २ गते सम्पन्न भयो।

निर्वाचन पूर्वको अवधिमा जियोकले पर्यवेक्षक एवं भौतिक तथा आर्थिक स्रोत व्यवस्थापनका लागि सचिवालयको स्थापना, पर्यवेक्षणका लागि नगरपालिका र गाउँपालिकाको संख्या निर्धारण, पर्यवेक्षकहरुको नियुक्ति तथा अभिमुखीकरणको व्यवस्था गरेको थियो। यस

अवधिमा जियोकले निर्वाचन पूर्व गरिएको पर्यवेक्षणका क्रममा राजनीतिक दलहरुको गतिविधि र आचार संहिताको पालना, सुरक्षा र राजनीतिक हिंसा लगायत निर्वाचनको वातावरण र अवस्थाबारे प्रारम्भिक प्रतिवेदन तयार गरी पत्रकार सम्मेलन मार्फत सार्वजनिक गरेको थियो । त्यसैगरी निर्वाचनको लागि भएको अन्तिम तयारीसम्बन्धी स्थलगत अध्ययन र जिल्लाबाट प्राप्त जानकारी सङ्कलन गरी मतदानको पूर्वसन्ध्यामा पत्रकार सम्मेलन आयोजना गरी वस्तुस्थिति अवगत गराइएको थियो । जियोक, नियोक र संकल्पको संयुक्त रुपमा आयोजित उक्त पत्रकार सम्मेलनहरु २०७४ वैशाख २९ गते पहिलो चरण, आषाढ ११ गते दोस्रो चरण र भाद्र ३० गते तेस्रो चरणमा सम्पन्न भयो । जसबाट निर्वाचन आयोग र राजनीतिक दल तथा उम्मेदवारहरु लाभान्वित हुन पुग्यो ।









मतदानको दिनमा स्वतन्त्र र स्वच्छ निर्वाचनबारे प्रश्नावलीद्वारा आवश्यक जानकारी सङ्कलन गर्नको लागि पर्यवेक्षकहरु परिचालन गरिएका थिए । निर्वाचनको दिनमा पनि तीनवटै चरणमा प्रेस विज्ञप्ती जारी गरी प्रारम्भिक जानकारी दिने काम २०७४ वैशाख ३१ गते, आषाढ १४ गते र असोज २ गते भयो । सो दिन सचिवालयबाट जिल्लास्थित पर्यवेक्षकहरुसँग निर्वाचनको अवस्थाबारे जानकारी समेत लिइयो । मतदानपछिको स्थितिको सम्बन्धमा जिल्लाबाट प्राप्त जानकारी र राष्ट्रिय पर्यवेक्षकहरुको स्थलगत अध्ययनबाट प्राप्त विवरणहरुलाई समेटी तयार गरिएको मतदान बारेको प्रारम्भिक प्रतिवेदन पत्रकार सम्मेलन गरी सार्वजनिक गरिएको थियो । निर्वाचनको प्रारम्भिक अवस्था बारे जानकारी दिने उद्देश्यले तीनवटै संस्थाको संयुक्त प्रयासमा पहिलो चरणको २०७४ जेष्ठ ३ गते, दोस्रो चरणको आषाढ २३ गते पत्रकार सम्मेलन गरी निर्वाचनको अवस्था बारे जानकारी गराइयो ।

निर्वाचन सम्पन्न भएपछि मतगणनास्थल, मतगणनाको पर्यवेक्षण, दलहरुका प्रतिनिधिहरुको सहभागिता, मतगणनाको अद्यावधिक जानकारी र विजयी उम्मेदवारको घोषणाबारे पर्यवेक्षण गरिएको थियो । सोही अवधिमा निर्वाचन परिणाम घोषणा, राजनीतिक तहमा देखिएको विवाद, निर्वाचनका विषयमा आयोगमा परेका उजुरीहरु तथा अन्तिम परिणाम घोषणाका बारेमा निर्वाचन आयोग र अन्य सरोकारवालाहरुसँग छलफल समेत गरिएको थियो । निर्वाचन पर्यवेक्षण कार्यक्रमलाई प्रभावकारी र समन्वयात्मक गर्न जियोक, नियोक र संकल्प तीन वटै संस्थाको विशेष समन्वयात्मक भूमिका रह्यो भने एनडिआईको समन्वयमा दातृ संस्थाहरुको बैठक बस्ने काम भयो । तीनवटै संस्थाहरुले सुरुदेखि नियमित संयुक्त बैठक बसी प्रश्नावली तयार गर्ने, पर्यवेक्षकहरुको छनौट, परिचालन, संयुक्त पत्रकार सम्मेलन, संयुक्त रुपमा निर्वाचन आयोग र दलहरुसँग भेटघाट गर्ने काम गर्‍यो । जसबाट दोहोरो काम र स्तरीय पर्यवेक्षण गर्न सहयोग पुर्‍यायो ।

स्थानीय तह निर्वाचन पर्यवेक्षण, २०७४ को प्रारम्भिक प्रतिवेदन निर्वाचन आयोगमा पेश गरिसकिएको छ । निर्वाचन पर्यवेक्षणको अन्तिम प्रतिवेदनमा निर्वाचनको सम्पूर्ण प्रक्रियाबारे प्राप्त जानकारीको विश्लेषण गरी निर्वाचनका विभिन्न पक्षमा गर्नुपर्ने सुधारका विषयमा सुझावहरु समावेश गरिएको छ । अन्तिम प्रतिवेदनलाई जियोकले एक समारोहका बीच सार्वजनिक गर्ने गर्दछ ।

# पर्यवेक्षण विधि

## २.१. पर्यवेक्षणको आकार

नयाँ संविधान बमोजिम सङ्घीय शासन व्यवस्था अन्तर्गत स्थानीय तहको पहिलो यो निर्वाचनमा आयोगले पर्यवेक्षण गर्ने संस्थाले पर्यवेक्षणका लागि न्युनतम् १०० पर्यवेक्षक खटाउनुपर्ने, मुलुकको तीनवटै भौगोलिक क्षेत्र र सबै प्रदेश समावेश हुनुपर्ने शर्त तोकेको थियो। आयोगको शर्त अनुसार जियोकले हिमाली २, पहाड १६ र तराई १२ गरी जम्मा ३० जिल्लामा पर्यवेक्षणका लागि अनुमति पाएको थियो। यसैगरी पर्यवेक्षणमा सबै प्रदेशका दुइदेखि आठ जिल्लाहरु परेका छन्। यसका लागि नगर र गाउँस्तरीय, जिल्ला र राष्ट्रिय स्तरका पर्यवेक्षकहरुको व्यवस्था गरेको थियो। पर्यवेक्षकको छनौट गर्दा जियोकमा संलग्न सबै निकाय, विविध विधा र लैङ्गिक क्षेत्रको प्रतिनिधित्व हुने व्यवस्था गरिएको थियो। निर्वाचन पर्यवेक्षणको अध्ययनका लागि लामो र छोटो अवधिका पर्यवेक्षकहरु परिचालन गरिएका थिए। लामो अवधिमा ७० जना, जसले निर्वाचनको सम्पूर्ण प्रक्रियाको पर्यवेक्षण गरे भने छोटो अवधिमा ७०० जना पर्यवेक्षकहरुले मतदानसम्बन्धी प्रक्रियाको विस्तृत रुपमा पर्यवेक्षण गरेका थिए। जियोकमा आबद्ध संस्थाहरुको सल्लाहमा राष्ट्रिय तथा जिल्ला स्तरका पर्यवेक्षक नियुक्त गरिएको थियो भने नगर र गाउँस्तरीय पर्यवेक्षकको नियुक्ति जिल्ला पर्यवेक्षकले गरेको थियो। पर्यवेक्षकहरुको चयन गर्दा अनुभवी र बौद्धिकवर्गको सहभागिता गराउनुका साथै महिला, दलित, आदिवासी/जनजाति, मुस्लिम, मधेशीको समावेशी सहभागितामा ध्यान दिइएको थियो।

जियोक मतदाताहरुको मतदान गर्ने अधिकार संरक्षणप्रति प्रतिबद्ध हुँदै पर्यवेक्षकहरुको छनौटमा जियोकले अन्य कुराहरुका अतिरिक्त दक्षता र निष्पक्षतालाई मुख्य आधार बनाएको थियो। सबै तहका पर्यवेक्षकहरुलाई नियुक्तिपत्र प्रदान गर्नुका साथै आयोगद्वारा तोकिएको ढाँचामा सपथ लिने व्यवस्था मिलाइएको थियो।

## २.२. पर्यवेक्षण प्रश्नावली

निर्वाचन स्वच्छ र निष्पक्ष रुपमा सम्पन्न भए–नभएकोबारे जानकारी प्राप्त गर्न विभिन्न सरोकारवाला मतदाता, राजनीतिक कार्यकर्ता र निर्वाचन अधिकृतहरुका सोंचको वस्तुगत जानकारी हासिल गर्ने कामलाई  सरलीकरण गर्ने उद्देश्यले चार प्रकारका प्रश्नावलीहरु तयार गरिएका थिए।

यो निर्वाचनमा पर्यवेक्षण गर्ने संस्थाहरू बीच दोहोरोपन नआवस र सुरुदेखि समन्वय कायम होस्भन्ने दाताको अनुरोध रहे अनुसार पर्यवेक्षण गरिने नगरपालिका र गाउँपालिकाको चयन र मतदाताहरूलाई सोध्ने प्रश्नहरूमा यथासम्भव एकरुपता कायमहोस भन्नाका लागि पर्यवेक्षणगर्ने संस्थाहरू विशेषगरी जियोक, नियोक र संकल्प बीच लगातार छलफल र मस्यौदा प्रश्नावलीको आदानप्रदान गरिएको थियो। यस काममा एन डी आई (नेसनल डेमोक्र्याटिक इन्स्टिच्युट) को लगातार समन्वयात्मक सहयोग प्राप्त भएको थियो।






## २.३. पर्यवेक्षण तालिम



पर्यवेक्षकहरूलाई आफ्ना काम कुशलतापूर्वक र प्रभावकारी तवरमा सम्पन्न गर्नमा सहयोग पुगोस् भन्ने उद्देश्यले तालिम–अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो । प्रशिक्षण कार्यक्रममा स्थानीय तह निर्वाचनसम्बन्धी कानूनी व्यवस्थाहरु, पर्यवेक्षणको उद्देश्य, निष्पक्षता, आचार संहिता पालना आदि विषयमा विस्तृत रुपमा जानकारी गराइएको थियो । राष्ट्रिय र जिल्ला पर्यवेक्षकहरुलाई काठमाडौंमा तालिम प्रदान गरिएको थियो भने जिल्ला–जिल्लामा नगरपालिका र गाउँपालिका पर्यवेक्षकहरुलाई एक दिवसीय तालिम दिइएको थियो।

## २.४. पर्यवेक्षण नमूनाको आकार

जियोकले मुलुकका विभिन्न भौगोलिक क्षेत्रका गाउँपालिका र नगरपालिकाको प्रतिनिधित्व हुने गरी नमूनामा परेका जिल्ला तथा मतदान केन्द्रहरु निर्वाचन पर्यवेक्षणका लागि समावेश गरेको थियो। मतदानदेखि मतगणना सम्मका सबै प्रक्रियाको भरपर्दो सूचना र तथ्याङ्क प्राप्त गर्ने मनसाय पर्यवेक्षणको रहेको थियो। पर्यवेक्षणको क्रममा जानकारी हासिल गर्न निर्वाचन प्रक्रियाको प्रत्यक्ष अवलोकनका साथै सरोकारवालाहरुको विचार बुझ्न अन्तर्वार्ताको माध्यम अपनाइएको थियो।

निर्वाचन अभियानका सबै प्रक्रियाको भरपर्दो सूचना प्राप्त गर्नका लागि सरोकारवाला तीनवटै समूह मतदाता, राजनीतिक कार्यकर्ता र मतदान अधिकृत सबैबाट प्रश्नावलीको माध्यमद्वारा सूचना तथा जानकारी सङ्कलन गरियो। पर्यवेक्षण प्रश्नावली महिला तथा पुरुष र गाउँपालिका र नगरपालिका दुबै क्षेत्रको सन्तुलित जानकारी प्राप्त हुनेगरी डिजाइन गरिएको थियो। प्राप्त विवरणलाई कोड मार्फत विभिन्न तालिकामा रुपान्तर गरी विश्लेषण गरिएको छ। प्रस्तुत प्रतिवेदन जियोकले पर्यवेक्षणका लागि चयन गरेको ३० जिल्लाका जम्मा ७२० पर्यवेक्षकहरुबाट प्राप्त जानकारीको संश्लेषण हो।

# स्थानीय तह निर्वाचन सम्बन्धी नेपाल कानूनको समीक्षा

## ३.१. निर्वाचन सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड

स्वच्छ, स्वतन्त्र र आवधिक निर्वाचन, समान मताधिकार, गोप्य मतदान, पारदर्शी गणना तथा परिणामको घोषणा निर्वाचनका विश्वव्यापी मान्यता हुन्। लोकतन्त्र तथा मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरुले स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचनका वारेमा विभिन्न मापदण्डहरु तय गरेका छन्। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले प्रत्येक व्यक्तिलाई प्रत्यक्ष वा स्वतन्त्र रुपमा चुनिएका प्रतिनिधि मार्फत सरकारमा सहभागी हुन पाउने अधिकारको व्यवस्था गर्दै त्यस्तो अधिकार निर्वाचनका विश्वव्यापी मान्यता वमोजिम हुने स्वच्छ, स्वतन्त्र र आवधिक निर्वाचन मार्फत प्रयोग गर्न पाउने व्यवस्था गरेको छ।

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को साझा धारा १ ले हरेक नागरिकलाई आफ्नो राजनीतिक हैसियत निर्धारण गर्ने लगायतका विषयमा आत्मनिर्णयको अधिकार सुनिश्चित गरेको छ। साथै नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा २५ मा सदस्य राष्ट्रका नागरिकहरुका लागि प्रत्यक्ष रुपमा छानिएका प्रतिनिधिहरु मार्फत सार्वजनिक जीवनमा प्रवेश गर्ने तथा समान रुपमा गरिने निष्पक्ष तथा गोप्य मतदानको माध्यमबाट निर्वाचनमा भाग लिने तथा निर्वाचित हुने अधिकारको व्यवस्था गरिएको छ। यस्तो राजनीतिक जीवनमा भाग लिन पाउने अधिकारको सुनिश्चित गर्नका लागि नारीको राजनीतिक अधिकार विषयक महासन्धि, १९५४ को धारा १, २ र ३ ले महिलालाई पुरुष सरह सबै प्रकारको निर्वाचनमा समान रुपमा भाग लिन पाउने तथा सार्वजनिक रुपमा निर्वाचित हुने निकायमा विना भेदभाव निर्वाचित हुन पाउने अधिकार सुनिश्चित गरेका छन् भने महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि, १९७९ को धारा ७ मा सबै निर्वाचन तथा जनमत सङ्ग्रहहरुमा मत दिने अधिकार तथा सार्वजनिक रुपमा निर्वाचित हुने संस्थाहरुमा निर्वाचनका लागि योग्य हुन पाउने अधिकारको व्यवस्था गरिएको छ। जातीय भेदभाव विरुद्धको महासन्धि, १९६५ को धारा ५(ग) ले राजनीतिक जीवनमा सहभागी हुने विषयमा जातीय आधारमा भेदभाव गर्न नपाइने व्यवस्था गरेको छ। स्वतन्त्र राष्ट्रका आदिवासी जनजाति सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ (आईएलओ कन्भेन्सन, १६९) को धारा ३ ले पनि स्वतन्त्र राष्ट्रका आदिवासी जनजातिहरुको हक अधिकार अन्य समुदायको भन्दा फरक हुन नहुंने उल्लेख गरेका छन्।

## ३.२. स्थानीय तह निर्वाचन सम्बन्धी नेपाल कानून

### ३.२.१. नेपालको संविधान (२०७२)

नेपालको संविधान (२०७२) ले नेपालमा सङ्घीय शासन व्यवस्था अवलम्बन गर्ने व्यवस्था गर्दै तीन तहको सरकार अन्तर्गत सङ्घीय तह, प्रदेश तह र स्थानीय तह रहने व्यवस्था गरेको छ। सङ्घीय तहमा प्रतिनिधिसभा र राष्ट्रिय सभा रहने, प्रदेश तहमा प्रदेश सभा रहने र स्थानीय तहमा गाउँ सभा तथा नगर सभा र गाउँकार्यपालिका तथा नगरकार्यपालिका रहने व्यवस्था गरिएको छ। संविधानले गाउँ कार्यपालिका तथा नगरकार्यपालिका र गाउँसभा तथा नगरसभाका पदाधिकारी एवं सदस्यहरु एक व्यक्ति एक मतका आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित हुने र निश्चित संख्यामा महिला, दलित र अल्पसंख्यक समुदायबाट मनोनित गर्ने व्यवस्था समेत गरेको छ।

### ३.२.२. निर्वाचन आयोग ऐन, २०७३

नेपालको संविधान (२०७२) ले संवैधानिक निकायको रुपमा निर्वाचन आयोग गठन हुने व्यवस्था गरेको छ। यसरी गठन हुने आयोगमा एक जना प्रमुख निर्वाचन आयुक्त र चार जना निर्वाचन आयुक्तहरु रहने तथा प्रमुख निर्वाचन आयुक्तले निर्वाचन आयोगको अध्यक्ष भई काम गर्ने संवैधानिक व्यवस्था छ। निर्वाचन आयोगले संवैधानिक कार्यादेश वमोजिम राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने, सो प्रयोजनका लागि मतदाताको नामावली तयार गर्ने तथा संविधान र सङ्घीय कानून बमोजिम राष्ट्रिय महत्वको विषयमा जनमत सङ्ग्रह गराउने व्यवस्था छ। उल्लिखित संवैधानिक व्यवस्था कार्यान्वयन गर्नका लागि निर्वाचन आयोग ऐन, २०७३ जारी गरिएको छ। उक्त ऐनले मूलतः आयोगको काम, कर्तव्य र अधिकार, आयोगको कार्य सञ्चालन तथा व्यवस्थापन, निर्वाचन आचारसंहिताको तर्जुमा र कार्यान्वयन, निर्वाचन खर्च सम्बन्धी व्यवस्थाको नियमन लगायतका विषयमा व्यवस्था गरेका छन्। उक्त ऐनको व्यवस्था अनुसार निर्वाचनलाई स्वच्छ र प्रतिस्पर्धी बनाउनका लागि निर्वाचन पर्यवेक्षणका लागि आयोगले स्वदेशी तथा विदेशी संस्थाहरुलाई निर्वाचन पर्यवेक्षण गर्ने अनुमति दिन सक्ने तथा निर्वाचन आचारसंहिता बनाई लागू गर्नसक्ने व्यवस्था समेत गरेका छन्।

### ३.२.३. निर्वाचन (कसूर तथा सजायं) ऐन, २०७३

स्थानीय तहको निर्वाचन सञ्चालन र व्यवस्थापनका क्रममा विभिन्न सरोकारवालाहरुबाट हुनसक्ने गैरकानूनी कार्यलाई नियन्त्रण तथा सजायं गर्नका लागि निर्वाचन (कसूर तथा सजायं) ऐन, २०७३ जारी भएको हो। यस ऐनले स्वच्छ र स्वतन्त्र निर्वाचन कार्य सम्पन्न गर्ने कार्यमा सृजना हुने कुनै पनि कसूरलाई निर्वाचन अपराध घोषणा गरी सजायंको समेत व्यवस्था गरेका छन्। मूलतः यस ऐनले उम्मेदवारले मनोनयन दाखिला गर्दा झूट्ठा कागजात तथा विवरण पेश गर्न नहुंने, निर्वाचन सामग्रीको अनधिकृत प्रयोग वा क्षति गर्न नहुंने, नक्कली व्यक्ति भई मतदान गर्न नहुंने, स्वच्छ र स्वतन्त्र निर्वाचन प्रभावित हुने गरी कुनै काम कारवाही गर्न नहुंने, कानून वमोजिम बाहेक कुनै नगद वा जिन्सी लिन दिन नहुंने, निर्वाचनको प्रचार-प्रसार गर्दा कानूनले तोकेको शर्तहरु पालना गर्नुपर्ने, सरकारी सम्पतिको दुरुपयोग गर्न नहुंने तथा उल्लिखित कार्य गरेमा कसूर गरेको मानि सजायंको भागीदार बन्नुपर्ने व्यवस्था गरेको छ।

### ३.२.४. राजनीतिक दल सम्बन्धी ऐन, २०७३

नेपालको संविधान (२०७२) ले कानून वमोजिम प्रत्येक व्यक्तिलाई राजनीतिक दल खोल्ने स्वतन्त्रता प्रदान गरेको छ। यसरी खोलिएका दलहरुलाई कानून वमोजिम वाहेक प्रतिबन्ध लगाउन नपाइने र यसरी बन्ने कानून पनि संविधानको भावना अनुसारको हुनुपर्ने कुरा संविधानले नै प्रत्याभूत गरेका छन्। तथापि दल खोल्नका लागि संविधान र कानूनले केही महत्वपूर्ण शर्तहरु तोकेका छन् जुन शर्तहरु पूरा गर्नु सम्बन्धित व्यक्ति तथा सरोकारवालाहरुको दायित्व हुन्छ। संविधानको सो व्यवस्था वमोजिम राजनीतिक दल सम्बन्धी ऐन, २०७३ तर्जुमा भई कार्यान्वयन भएका छन्। उक्त ऐनले निर्वाचन प्रयोजनका लागि राजनीतिक दलको मान्यता पाउन दल दर्ता हुनुपर्ने, दलहरु एक आपसमा गाभिन सक्ने, दल लोकतान्त्रिक तथा सबैका लागि खुल्ला हुनुपर्ने, दल त्याग गरेको मानिने अवस्था, संसदीय दलको व्यवस्था, दलको आर्थिक तथा अन्य कार्यहरु पारदर्शी हुनुपर्ने व्यवस्था, दल सम्बन्धी विवादहरुको निरुपण गर्ने विषयहरु वारे व्यवस्था गरेको छ।

### ३.२.५. स्थानीय तह निर्वाचन ऐन, २०७३

नेपालको संविधान (२०७२) ले तीन तहको सरकारको व्यवस्था गर्दै तल्लो तहमा स्थानीय तह रहने र उक्त तहका पदाधिकारीहरु निर्वाचित भएर आउनु पर्ने व्यवस्था गरेको छ। उक्त संवैधानिक व्यवस्था वमोजिम स्थानीय तहको स्थापना र निर्वाचन प्रक्रियाको सञ्चालन र व्यवस्थापन गर्नको लागि स्थानीय तह निर्वाचन ऐन, २०७३ तर्जुमा भई लागू भएको हो। उक्त ऐनले निर्वाचन कार्यक्रम र निर्वाचन प्रक्रिया, निर्वाचनमा संलग्न कर्मचारीहरुको नियुक्ति, अधिकार र व्यवस्थापन, उम्मेदवारको मनोनयनपत्र दाखिला र त्यसको प्रक्रिया, मतदान केन्द, मतपत्र र मतपेटिका सम्बन्धी व्यवस्था, मतदान, मतगणना र परिणामको घोषणा, मतपत्र नोक्सानी भएमा अपनाउनु पर्ने प्रक्रिया र दोहऱ्याई मतदान हुने अवस्था, उम्मेदवारको प्रतिनिधि आदि विषयमा विस्तृत रुपमा व्यवस्था गरेको छ।

### ३.२.६. मतदाता नामावली ऐन, २०७३

निर्वाचनको महत्वपूर्ण पक्ष भनेको मतदाताहरुको सक्रिय सहभागिता हो। कानूनले तोकेको योग्यता पुगेको हरेक नेपाली नागरिक मतदान प्रयोजनका लागि मतदाताको रुपमा मान्यता प्राप्त गर्न सक्छ। निर्वाचन प्रयोजनका लागि मतदाता नामावली सङ्कलन र छानवीन गरी अन्तिम नामावली निर्धारण गर्नुपर्छ, जुन कार्य संविधानतः निर्वाचन आयोगले गर्नेगरी तोकिएको छ। मतदाता नामावली तयार गर्ने प्रयोजनका लागि मतदाता नामावली ऐन, २०७३ तर्जुमा भई लागू भएका छन्। उक्त ऐनले मतदाता हुन सक्ने व्यक्ति, मतदाता नामावली सङ्कलन तथा दर्ता गर्ने अधिकारी, अस्थायी मतदाता सम्बन्धी व्यवस्था गरेको छ।

### ३.२.७. स्थानीय तह निर्वाचन आचारसंहिता

निर्वाचन आयोग ऐन, २०७३ को परिच्छेद ४, दफा २२ र २३ ले निर्वाचन आचारसंहिताको वारेमा व्यवस्था गरेको छ। ऐनको दफा २२ को व्यवस्था अनुसार निर्वाचन आयोगले निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शीता तथा भयमुक्त वातावरण कायम गर्नका लागि निर्वाचन आचारसंहिता बनाई लागू गर्न सक्ने व्यवस्था गरेको छ। साथै उत्त, दफामा त्यस्तो आचारसंहिता विभिन्न तहका सरकार एवं त्यसका पदाधिकारी एवं कर्मचारी, सेना प्रहरी, निर्वाचनको कार्यमा संलग्न व्यक्तिहरु, राजनीतिक दल, उम्मेदवार तथा उम्मेदवारसँग सम्बन्धित व्यक्तिहरु, सरकारी तथा नीजि क्षेत्रका सञ्चारमाध्यमहरु, नीजि तथा गैरसरकारी संस्थाहरुलाई निर्वाचन आचारसंहिता लागू हुने व्यवस्था गरिएको छ। ऐनको दफा २३ ले निर्वाचन आचारसंहिता पालना भए वा नभएको अनुगमन गर्ने गराउने सक्ने व्यवस्था गरेको छ। ऐनको सो व्यवस्था वमोजिम निर्वाचन आयोगले सर्वपक्षीय छलफल गरी स्थानीय तह निर्वाचन आचारसंहिता वनाइ जारी गरेको थियो। आचारसंहिताको व्यवस्था वमोजिम कसैले यसको उल्लङ्घन गरेको पाईएमा उम्मेदवारी रद्द गर्ने वा आर्थिक जरीवाना गर्न सक्नेसम्मको व्यवस्था समावेश गरिएको छ।

### ३.२.८. निर्वाचन पर्यवेक्षकहरुका लागि पर्यवेक्षण आचारसंहिता

निर्वाचन आयोग ऐन, २०७३ को दफा ६ तथा निर्वाचन आयोग नियमावली, २०७३ को नियम ६ ले निर्वाचन आयोगले कुनै स्वदेशी वा विदेशी व्यक्ति वा संस्थालाई निर्वाचनसँग सम्बन्धित कामकारवाहीको पर्यवेक्षण गर्नका लागि अनुमति दिन सक्ने व्यवस्था गरेका छन्। साथै यसरी आयोगले पर्यवेक्षण गर्ने अनुमति दिईएकोमा अनुमति प्राप्त व्यक्ति वा संस्थाले आयोगले तोकेको पर्यवेक्षण आचारसंहिता पालना गर्नुपर्छ। ऐन तथा नियमावलीको उक्त व्यवस्थालाई कार्यान्वयन गर्नका लागि निर्वाचन आयोगले स्थानीय तह निर्वाचन पर्यवेक्षण आचारसंहिता जारी गरी आयोगबाट मान्यता प्राप्त व्यक्ति तथा संस्थाहरुले पालना गर्नुपर्ने व्यवस्था गरिएको थियो।

# सङ्घीय शासन व्यवस्थामा स्थानीय तह

## ४.१. सङ्घीय शासन व्यवस्थामा स्थानीय तह

नेपालको संविधान २०७२ अनुसार सङ्घीय नेपालको मूल संरचना अन्तर्गत सङ्घ, प्रदेश र स्थानीय तह रहने व्यवस्था छ। यी तीनै तहका सरकारका अधिकारहरू संविधानको विभिन्न अनुसूचीहरूमै उल्लेख गरिएको छ। निर्वाचनपछि गठन हुने स्थानीय तहको सरकारले एकल अधिकारको विषयमा एक्लै तथा साझा अधिकारको विषयमा सङ्घीय र प्रदेशको कानूनको अधीनमा रही स्थानीय आवश्यकता अनुसार कानून बनाउन सक्छ। अब गठन हुने स्थानीय तह विधायिकी अधिकार, कार्यकारिणी अधिकार र केही हदसम्म न्यायिक अधिकारसम्पन्न हुनेछ। अहिलेको स्थानीय तह हिजोको जस्तो विकेन्द्रीकृत शासन व्यवस्थाको स्थानीय निकाय होइन। वर्तमान संविधानले कल्पना गरेको स्थानीय तह सङ्घीय संरचना अन्तर्गतको एक तहको सरकार अर्थात स्थानीय सरकार हो, जसले जनताको घरदैलोमा सेवा पुऱ्याउने अपेक्षा गरिन्छ। तसर्थ स्थानीय निर्वाचनको माध्यमबाट गठन गरिने स्थानीय तहको गठनमा व्यापक जनसहभागिताको अपेक्षा गरिएको थियो। विगतमा ३,२०० भन्दा बढी स्थानीय निकायहरु रहेको सन्दर्भमा हाल स्थानीय तहको संख्या ७५३ मा सिमित रहेकोले अबको वडा समितिले पहिलेको स्थानीय निकायले गरेका काम सम्पन्न गर्ने विश्वास गर्न सकिन्छ।

## ४.२. स्थानीय कार्यपालिका

नेपालको संविधान, २०७२ को धारा २१४ ले स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र सङ्घीय कानूनको अधीनमा रही गाउँ कार्यपालिका र नगर कार्यपालिकामा निहित रहने व्यवस्था गरेको छ। संविधान तथा स्थानीय तह निर्वाचन सम्बन्धी कानूनी व्यवस्था वमोजिम स्थानीय कार्यपालिकाका पदाधिकारी तथा सदस्यहरु एक व्यक्ति एक मतको आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित हुने व्यवस्था छ। संविधानले स्थानीय कार्यपालिकाले नै स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्दछ। संविधानले स्थानीय सरकारको गठन प्रक्रिया प्रत्यक्ष, पारदर्शी र समावेशी बनाइएको छ, जसबाट स्थानीय लोकतन्त्र र जवादेहिताको संस्थागत विकास हुने अपेक्षा र विश्वास गर्न सकिन्छ।

संविधानले स्थानीय कार्यपालिकाको गठनको व्यवस्था गरेको छ। संविधानले गरेको व्यवस्था अनुसार प्रत्येक गाउँ कार्यपालिकामा एक जना अध्यक्ष रहने र निजको अध्यक्षतामा गाउँ कार्यपालिका गठन हुने व्यवस्था छ। यसरी गठन हुने गाउँ कार्यपालिकामा एकजना अध्यक्षका अतिरिक्त एकजना उपाध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्षहरु तथा गाउँ सभाका सदस्यहरुले आफू मध्येबाट निर्वाचित गरेका ४ जना महिला सदस्य र गाउँसभाको सदस्य बन्ने योग्यता पुगेका दलित वा अल्पसंख्यक मध्येबाट गाउँसभाले निर्वाचित गरेका २ जना सदस्य रहने व्यवस्था छ। यसरी निर्वाचित गर्दा गाउँ कार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा वडा अध्यक्षहरु एक व्यक्ति एक मतका आधारमा प्रत्यक्ष रुपमा निर्वाचित हुने व्यवस्था छ। त्यस्तै नगर कार्यपालिकाको सम्बन्धमा प्रत्येक नगर कार्यपालिकामा एक जना नगर प्रमुख रहने र निजको अध्यक्षतामा नगर कार्यपालिका गठन हुने व्यवस्था छ। यसरी गठन हुने नगर कार्यपालिकामा एकजना नगर प्रमुखका अतिरिक्त एकजना नगर उप प्रमुख, प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्षहरु तथा नगर सभाका सदस्यहरुले आफूमध्येबाट निर्वाचित गरेका ५ जना महिला सदस्य र नगरसभाको सदस्य बन्ने योग्यता पुगेका दलित वा अल्पसंख्यक मध्येबाट नगरसभाले निर्वाचित गरेका ३ जना सदस्य रहने व्यवस्था छ। यसरी निर्वाचित गर्दा नगर कार्यपालिकाका प्रमुख, उपप्रमुख तथा वडा अध्यक्षहरु एक व्यक्ति एक मतका आधारमा प्रत्यक्ष रुपमा निर्वाचित हुने व्यवस्था छ।

## ४.३. स्थानीय व्यवस्थापिकाको गठन

स्थानीय तहमा स्थानीय व्यवस्थापिकाको रुपमा गाउँसभा तथा नगरसभा रहने व्यवस्था छ। स्थानीय तहमा गठन गरिने व्यवस्थापिकाले मुलुकको संविधानको अधीनमा रही स्थानीय तहको व्यवस्थापिकीय अधिकार प्रयोग गर्ने व्यवस्था छ। यही गाउँसभा र नगर सभाले सम्बन्धित स्थानीय तह अर्थात सम्बन्धित गाउँपालिका वा नगरपालिकाको अधिकार क्षेत्र भित्रको विषयमा आवश्यक कानून बनाउने कार्य गर्दछ। संविधान वमोजिम प्रत्येक गाउँपालिकामा गाउँसभा र प्रत्येक नगरपालिकामा नगरसभा तथा गाउँपालिका र नगरपालिका अन्तर्गत वडाहरुमा वडा समिति रहने व्यवस्था छ। संविधानले गरेको व्यवस्था वमोजिम गाउँसभामा गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष, प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्ष र २ जना महिला सहित निर्वाचित ४ सदस्यहरु तथा दलित वा अल्पसंख्यक समुदायबाट गाउँसभाले निर्वाचित गरेका २ जना सदस्यहरु रहने व्यवस्था छ। त्यस्तै नगर सभामा नगर कार्यपालिकाका प्रमुख र उप प्रमुख, प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्ष र २ जना महिला सहित निर्वाचित ४ सदस्यहरु तथा दलित वा अल्पसंख्यक समुदायबाट नगरसभाले निर्वाचित गरेका ३ जना सदस्यहरु रहने व्यवस्था छ। सङ्घीय कानून वमोजिम गाउँपालिका वा नगरपालिकालाई वडागत तहमा विभाजन गर्ने व्यवस्था रहेको छ। यसरी स्थापना गरिएको वडा तहमा निर्वाचित वडा समिति रहने जसमा एकजना अध्यक्ष र २ जना महिला सहित निर्वाचित ४ जना सदस्यहरु रहने व्यवस्था छ। वडा तहमा पनि एक मतदाता एक मतका आधारमा प्रत्यक्ष रुपमा निर्वाचित हुने र यसरी निर्वाचित पदाधिकारीहरुको पदावधि ५ वर्षको हुने व्यवस्था छ।

## ४.४. जिल्ला सभा र जिल्ला समन्वय समितिको गठन

गाउँकार्यपालिका र नगरपालिकाका अतिरिक्त जिल्लामा समन्वय कायम गर्नाका निमित्त जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था गरिएको छ। जिल्ला सभाले जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच र जिल्लामा रहने सङ्घीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्दछ। यसकासाथै जिल्ला सभाले विकास तथा निर्माणसम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन समेत गर्ने व्यवस्था संविधानमा गरिएको छ। जिल्ला समन्वय समितिलाई जिल्ला सभाको कार्यकारीको रुपमा प्रस्तुत गरिएको छ। यसले जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन गर्ने जिम्मेवारी दिइएको छ।

## ४.५. न्यायिक समिति र महिला सहभागिता

कानूनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरूपण गर्न प्रत्येक गाउँपालिकाले उपाध्यक्ष र नगरपालिकाले उप प्रमुखको संयोजकत्वमा ३ सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था संविधानले गरेको छ। न्यायिक समितिमा अन्य दुई सदस्यहरूमा गाउँ सभा वा नगर सभाबाट आफूमध्येबाट निर्वाचित गरेका सदस्य रहनेछन्। संविधानले दलबाट अध्यक्ष वा उपाध्यक्ष र प्रमुख वा उप प्रमुख पदमा उम्मेदवारी दिंदा सो दुई पद मध्ये एउटा पदमा महिलाको उम्मेदवारी अनिवार्य गरेकोले स्थानीय तहको यो निर्वाचनमा राजनीतिक दलहरूले उपाध्यक्ष र उप प्रमुखको पदमा अधिकांश स्थानमा महिलालाई उम्मेदवार बनाएको कारण महिलाहरूको उपस्थिति यो पदमा अत्यधिक रहेको छ।

## ४.६. समावेशी प्रतिनिधित्व

स्थानीय निकायमा महिलाको प्रतिनिधित्वको व्यवस्था २०३३ सालमा तत्कालीन गाउँ पंचायतको कार्यकारिणी पदमा कम्तीमा एक जना महिलाको अनिवार्य मनोनयन हुनुपर्ने व्यवस्था गरिएको थियो। तर त्यसपछिका स्थानीय स्तरमा अधिकार विकेन्द्रीकरण गर्ने ऐनहरूमा स्थानीय निकायमा महिला प्रतिनिधित्वको व्यवस्था राखिएन। संवत २०५४ को संशोधित ऐनले भने स्थानीय निकायमा महिला सहभागिताको सुनिश्चितता गरेको पाइन्छ। यो व्यवस्था अनुसार प्रत्येक गाउँ विकास समिति र नगरपालिकाका प्रत्येक वडामा एकजना महिला सदस्यको प्रतिनिधित्व अनिवार्य भयो। यसले गर्दा २०५४ मा भएको स्थानीय निकायको निर्वाचनमा महिला जनप्रतिनिधित्वको कूल संख्या ३६,२३८

पुग्यो। निर्वाचितमध्ये २८९ जना महिला वडा अध्यक्ष पदमा पुग्न सफल भएका थिए (रीता साह, महिला प्रतिनिधित्वको चुनौती, कान्तिपुर, २३ वैशाख २०७४)। सो निर्वाचनमा महिलाहरूको प्रतिनिधित्व गाविसमा ७.७ र नगरपालिकामा ६.७ प्रतिशत पुगेको थियो। सो समयमा गाविसको संख्या ३,९१५ र नगरपालिकाको संख्या ५८ रहेको थियो।

नेपालको संविधानमा महिलाका साथै दलित र पछाडि पारिएका समुदायलाई शासन व्यवस्थाको मूलधारमा ल्याउने अभिप्रायले स्थानीय तहको कार्यकारीमा ४० प्रतिशत प्रतिनिधित्वको व्यवस्था गरिएको हो। यस अनुसार स्थानीय तहमा गाउँपालिका र नगरपालिकाको प्रत्येक वडामा ५ सदस्यमध्ये कम्तिमा २ जना महिलाको प्रतिनिधित्व हुने व्यवस्था गरिएको छ। ती दुईमध्ये एकजना दलित वा अल्पसंख्यक महिला हुनुपर्ने ऐनले गरेको व्यवस्थाको कारण वडामा ४० प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित भएको छ। त्यसैगरी गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षमध्ये एक पदमा र नगरपालिकाको प्रमुख र उप प्रमुखमध्ये एक पदमा महिला उम्मेदवार उठाउनुपर्ने व्यवस्था संविधानमा रहेको छ। साथै, जिल्ला सभामा ९ मध्ये ३ सदस्य महिला हुनुपर्ने व्यवस्था पनि गरिएको छ। संविधानमा गरिएको यस्तो व्यवस्थाको कार्यान्वयन भने त्यति सहज छैन। दलितको प्रतिनिधित्व सबै ठाउँमा हुन नसके त्यस्तो अवस्थामा अल्पसंख्यक जातिको प्रतिनिधित्वको व्यवस्था ऐनले गरेको छ। स्थानीय तहको निर्वाचन हेतु अल्पसंख्यक जातिहरूको सूचीमा परेका ९८ जातिमा उदाहरणका लागि तराइका उच्च जातिको समूहमा पर्ने राजपूत, कायस्थ र देवसमेत छन्। त्यसैगरी पहाडमा जनजातिको श्रेणीमा थकाली पर्दछन्। व्यवहारमा प्रतिनिधित्वको इतिहास हेर्ने हो भने विधायिकीमा वास्तविक दलितभन्दा यीनै अल्पसंख्यक जातिको प्रतिनिधित्व हुनेगरेको पाइन्छ। साथै, महिलाको प्रतिनिधित्व पनि केही टाठाबाठा पढेलेखेका सहरियालेनै गर्नेगरेको पाइन्छ। यस्ता जटिलताका कारण सीमान्तकृत र कमजोर श्रेणीका नागरिकको प्रतिनिधित्वको सुनिश्चितता व्यवहारमा त्यति सहज देखिँदैन।

# स्थानीय तह निर्वाचन पर्यवेक्षण विश्लेषण

स्थानीय तह निर्वाचनको पहिलो चरण २०७४ वैशाखको पूर्वसंन्ध्यामा निर्वाचनलाई जनताले “महान पर्व” को रुपमा ग्रहणगरी निर्वाचनमा “अपार उत्साह” का साथ भागलिने “अठोट” गरेका अभिव्यक्तिहरूले छापाहरू ढाकिएका थिए। यसबाट जनताको निर्वाचनप्रतिको प्रतिबद्धता मात्र होइन उनिहरू गाउँघरमा लोकतन्त्रको बहालीबारे कति आतुर थिएभन्ने कुरा स्पष्ट हुन्छ। उम्मेदवारी दर्तादेखि मतदान र मत परिणामका सम्पूर्ण प्रक्रियामा हिमाल, पहाड र तराइका जनताको सहभागिता उल्लेखनीय रह्यो। यो निर्वाचन संविधानको कार्यान्वयनको पहिलो र महत्वपूर्ण पाइला हो।

आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल निर्वाचन पर्यवेक्षणमा आफ्नो सहभागितालाई निरन्तरता दिंदै बीस वर्षपछि भएको स्थानीय तहको यो निर्वाचन पर्यवेक्षणमा सम्मिलित भयो। स्थानीय तहको यो निर्वाचन तीन चरणमा सम्पन्न गरिएको थियो। पहिलो चरण २०७४ वैशाख ३१, दोस्रो असार १४ र तेस्रो असोज २ मा सम्पन्न भएको हो। तीनै चरणको यो निर्वाचनमा जनताको ठूलो संख्यामा सहभागिता रह्यो। मतदानको प्रतिशतले यो कुराको पुष्टि हुन्छ। जियोकले निर्वाचन पर्यवेक्षणको जानकारी यथासंभव छिटो जनतासमक्ष पुगोस् भन्ने उद्देश्यले पहिलेभैं निर्वाचनपूर्वको प्रारम्भिक प्रतिवेदनका साथै निर्वाचनको संक्षिप्त प्रतिवेदनसमेत सार्वजनिक गरिसकेको छ। यो प्रतिवेदन ती सबै चरणहरूको एकीकृत र अन्तिम प्रतिवेदन हो। निर्वाचन आयोगले पर्यवेक्षण यथासंभव व्यापक र सबै भौगोलिक क्षेत्र, ग्रामीण तथा शहर, र प्रदेशको प्रतिनिधित्व होस् भन्ने उद्देश्यले पर्यवेक्षणको न्युनतम संख्या आदि शर्तहरू तोकेबमोजिम जियोकले सातै प्रदेशहरूको पर्यवेक्षणका साथै तीनवटै भौगोलिक क्षेत्रबाट हिमाली २, पहाड १६ र तराई १२ गरी ३० जिल्लामा नगरपालिका र गाँउपालिकाका १,३५० मतदान केन्द्रको पर्यवेक्षण गरेको थियो। यसका लागि लामो अवधिका ७० र छोटो अवधिका ७०० जना पर्यवेक्षकहरु परिचालन गरिएका थिए। पर्यवेक्षकहरुको प्रत्यक्ष अवलोकन र स्थानीय जनतासँगको कुराकानीबाट प्राप्त जानकारीलाई यस प्रतिवेदनमा छ परिच्छेद अन्तर्गत प्रस्तुत गरिएको छ।






## ५.१. निर्वाचन व्यवस्थापन

निर्वाचन व्यवस्थापनको प्रक्रिया वास्तवमा निर्वाचन आयोगले आफ्नो नियमित कार्यक्रम अन्तर्गत गर्ने मतदाता दर्ताको अवस्थादेखिनै सुरुहुने हुँदा यहाँ मतदाता दर्ता रं परिचयपत्र वितरण, मतदाता शिक्षा र निर्वाचन केन्द्रको प्रबन्ध र व्यवस्थापन गरी तीन उप–शीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ।

## ५.१.१. मतदाता दर्ता र परिचयपत्र वितरण

निर्वाचनको तयारी मतदाता नामावली अद्यावधिक गर्ने कामबाट सुरु भए पनि यसपटक नामावली सङ्कलनको क्रम भने यतिमै रोकिएन । निर्वाचनमा मधेसकेन्द्रित दलहरूको सहभागिता सुनिश्चित गर्न प्रदेश–२ मा नामावली सङ्कलनको थप कार्यक्रम पनि भयो । यस अतिरिक्त निर्वाचन सुरु भएपछि पनि स्थानीय तहको संख्या बढाउने काम भयो र निर्धारित ७४४ स्थानीय तहको संख्या प्रदेश–२ मा ९ स्थानीय तह थप भई यो संख्या ७५३ पुग्यो । यी निर्णयहरूले निर्वाचनमा राष्ट्रिय जनता पार्टीको पनि सहभागिता सुनिश्चित गर्‍यो ।

निर्वाचन आयोगले आम निर्वाचनपूर्व र सालवसाली रुपमा फोटोसहितको मतदाता नामावली अपडेट गर्नेगरेबाट मतदान धेरै सहजमात्र होइन निर्वाचनमा फर्जि मतको प्रयोग निरुत्साहन गर्नमा ठूलो सहयोग पुगेको विगतका निर्वाचनहरूबाट स्पष्ट भइसकेको छ। तथापि, जियोकले पर्यवेक्षण गरेका ३४ जिल्लाका प्रायः सबै निर्वाचन केन्द्रहरूमा यस पटक पनि मतदाता नामावलीमा प्रसस्तै त्रुटि र नामावली र परिचयपत्र बीच तालमेलको अभाव भने देखियो । निर्वाचन पर्यवेक्षणको सिलसिलामा मतदाता नामावलीमा देखिएका त्रुटि र कमी कमजोरीहरू जियोकका विगतका प्रतिवेदनहरूमा पनि औंल्याइएका थिए । यस्ता त्रुटिहरू संविधानसभा सदस्यको २०६४ को निर्वाचनदेखिनै पटक–पटक दोहोरिरहे पनि यसमा सुधारभने आएको देखिएन । उदाहरणका लागि एउटै परिवारका सदस्यहरूका नाम फरक–फरक केन्द्रमा परेको, फोटो खिंचाएको प्रमाण छ तर मतदाता नामावलीमा नाम नभेटिएको, कुनै मतदान केन्द्रमा करिब ५० प्रतिशत मतदाताको नाम र क्रम संख्या फरक परेको, महिला मतदाताको नाममा पुरुष मतदाताको फोटो जस्ता त्रुटिहरू दोहोरिएका पाइए । साथै, मतदाताका नाम र अन्य विवरणमा भाषागत अशुद्धि रहीरहेकामा मतदाता नामावली तयार गर्दा सुपरिवेक्षणको कमजोरी रहेको अनुमान गर्न सकिन्छ । यस्ता कमी कमजोरीहरूबाट मतदाताले अनावश्यक दुःखमात्र होइन कतिपय मतदाता मतदानजस्तो नागरिक अधिकारको प्रयोगबाट वञ्चित हुनुपर्ने हुन्छ । जियोकले पर्यवेक्षण गरेका ३४ जिल्लामध्ये ३० जिल्लामा मतदातासूचीमा नाम नभएको कारण २४० मतदाता मतदानबाट वञ्चित हुनपुगे । यस्तो हुनुमा मतदाताको कमजोरी पनि हो । मतदाता आफ्नो नाम मतदाता नामावलीमा भएनभएको निश्चय गर्नुपर्ने कर्तव्यबाट विमुख भएको भन्नुपर्ने हुन्छ । तथापि, मतदाता नामावलीलाई दुरुस्त बनाउने काममा आयोगले यथेष्ट ध्यान नदिंदा जनताको नागरिक अधिकारको प्रयोगमा बाधा पुग्नगएको देखियो ।

यो निर्वाचनमा पनि मतदाता परिचयपत्र वितरणको काम निर्वाचन केन्द्रबाटै गर्ने व्यवस्था गरिएकोमा मतदानपूर्व र मतदानकै दिनको पर्यवेक्षणको क्रममा कतिपय परिचयपत्र वितरण गर्न बाँकी रहेको देखियो । पर्यवेक्षणको क्रममा कतिपय व्यक्तिले परिचयपत्र नभएको कारणले मात्र पनि मतदानबाट वञ्चित हुनुपर्‍यो । मतदाता नामावलीमा नाम भएकाहरूले अन्य कुनै परिचय खुल्ने प्रमाण दिएमा मतदान गर्नसक्ने व्यवस्थाबारे सबै मतदान अधिकृतहरूमा जानकारी नभएको विषय व्यवस्थापकीय त्रुटिमात्र होइन कर्तव्यप्रति विमुख भएको मान्नुपर्ने हुन्छ।

## ५.१.२. मतदाता शिक्षा

हालको स्थानीय तहको निर्वाचनमा अपनाइएको समावेशी निर्वाचन प्रणाली अनुसार मतपत्रमा एकभन्दा बढी कोठामा स्वस्तिक चिन्ह लगाई आफ्नो मत सङ्केत गर्नुपर्ने, मतपत्र ज्यादै लामो र उम्मेदवार नभएको स्थानीय तह र वडामा पनि सबैको नाम समावेश हुनगएकोले औसत मतदातालाई सहज नहुने अनुमान मतदानपूर्वनै गरिएको थियो। निर्वाचन आयोगले पनि यो विषयलाई गम्भिरताकासाथ लिई समावेशी मतदान प्रक्रियाका बारेमा जानकारी दिने उद्देश्यले विभिन्न कार्यक्रमका अतिरिक्त मतदाताका घरदैलोसम्म मतदाता शिक्षा स्वयंसेवक टोली खटाएको पनि हो। तथापि, मतदाता शिक्षा कमजोर रहेको विषय पर्यवेक्षणबाट स्पष्ट भएको छ। यो विषयमा दुइ चरणका निर्वाचनमा ३,२१० मतदातालाई मतदानको अनुभव कस्तो रह्यो भन्ने प्रश्न गर्दा अलमल भयो र समय बढी लाग्यो भन्नेहरूको संख्या १,६६३ अथवा ५१.८ प्रतिशत रहेको थियो। मतदान अधिकृतलाई मतदान सञ्चालन गराउन कतिको सजिलो अनुभव गर्नुभयो भन्ने प्रश्नमा ५६४ मध्ये १९ ले भएन भनेको पाइयो। सजिलो नभएको उत्तर दिनेमध्ये ९ जना अथवा ४७.४ ले मतदातामा निर्वाचन प्रणाली र मतदान प्रक्रियाबारे जानकारीको कमी भएको भने। यसले मतदाता शिक्षा अपर्याप्त भएको कुरा सङ्केत गर्दछ। यसलाई दोस्रो चरणको निर्वाचनमा बदर मतको संख्या ४,३८,०२१ (१२.७ प्रतिशत) ले पुष्टि गर्दछ।

### ५.१.३. निर्वाचन केन्द्रको प्रबन्ध र व्यवस्थापन

आम निर्वाचनको तयारी र सफलतापूर्वक सम्पन्न गर्न निर्वाचन आयोगलाई न्यूनतम् चार महिनाको समय आवश्यकपर्ने भनिए तापनि निर्वाचन मिति तोक्ने निर्णय र आवश्यक ऐननियम निर्माण समयमै हुन सकेन। तथापि, उपलब्ध सीमित समयमा निर्वाचन आयोगबाट निर्वाचनका लागि आवश्यक सामग्रीहरुको बन्दोबस्त र ढुवानीका सम्पूर्ण काम समयमै पूरा भए। उम्मेदवार मनोनयनपछि निर्वाचन चिन्ह प्रदान र मतपत्र छपाईका लागि उपलब्ध समय एकदम कम भएको कारण नगरपालिका र गाँउपालिकाका सम्बन्धित वडाका उम्मेदवारको संख्या र नाम अनुसारको निर्वाचन चिन्ह मात्र राखी डिजाइन गर्नुपर्नेमा सो हुननसकेका कारण मतपत्र ज्यादै लामो हुनगयो। यी मतपत्रहरुमा उम्मेदवार नभएका चिन्ह पनि समावेश गरी छाप्नुपर्ने बाध्यताले मतदाताले मतदानमा समस्या भोग्नुपरेको हो।

मतदानलाई सरल र मतदाता–मैत्री बनाउन मतदान केन्द्रभित्र आवश्यक सङ्केतहरू, महिला र पुरुषका लागि अलग–अलग लाइन र दृष्टिविहीन र अशक्त मतदाताको प्रवेशका लागि गरिएको व्यवस्था समग्रमा उपयुक्त रहेको पाइएको छ। तथापि, कतिपय मतदान केन्द्र मतदातालाई पायक नपरेको र मतदानको क्षेत्रभित्र उम्मेदवारका निर्वाचन प्रचार सामग्रीभने धेरै स्थानमा नहटाइएको पाइयो। तालिका १ ले मतदान केन्द्रको व्यवस्थापन र लैङ्गिक सम्वेदनशीलता पक्षसम्बन्धी मुख्य–मुख्य विषय प्रस्तुत गर्दछ।

तालिका १ः मतदानस्थलको प्रबन्ध र व्यवस्थाबारेको सूचक

| क्र. सं. | सूचक | कूल उत्तरदाता | छ वा थियो भन्ने उत्तरदाता | |
|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत |
| १. | के निर्वाचनस्थल पायक पर्ने ठाउँमा रहेको छ ? | ५६४ | ५४२ | ९६.१ |
| २. | के मतदान गर्न सजिलो हुनेगरी आवश्यक सङ्केतहरू राखिएका छन् ? | ५६४ | ५५२ | ९७.९ |
| ३. | के निर्वाचनस्थलको ३०० मीटरभित्र पोस्टर, तुल वा अन्य प्रचार सामग्री हटाइसकिएको छ ? | ५६४ | ४१० | ७२.७ |
| ४. | के दृष्टिविहीन, शारिरिक रुपले अशक्त मतदाताको लागि साथमा आएको एकाघरको परिवारको सदस्यलाई प्रवेशको व्यवस्था गरिएको थियो ? | ५६४ | ५५३ | ९८.० |
| ५ | के महिला र पुरुष मतदाताका लागि अलग अलग लाइनको व्यवस्था गरिएको थियो ? | ५६४ | ५५२ | ९७.९ |

निर्वाचन केन्द्र पायक परेनपरेको र कतिको मतदाता–मैत्री भए नभएको बारेमा सबै प्रदेशको औषत प्रतिशत ९६.१ रहेकोमा पायक नपरेको भन्नेहरू प्रदेश नं ३ र ५ मा भने सरदरभन्दा कम रहेको पाइयो। मतदान केन्द्रभित्र मतदान सहजताका लागि आवश्यक सङ्केत अन्य प्रदेशको तुलनामा प्रदेश ४, ५ र ७ मा खराबरहेको पर्यवेक्षणमा खटिएका पर्यवेक्षकहरूको उत्तर रहेको छ। त्यसैगरी निर्वाचन केन्द्रभित्र प्रचार सामग्री हटाइएको छ भन्ने विषयमाभने प्रदेश नं ६ को उत्तर ज्यादै कम ५८.१ प्रतिशत रहेको देखिन्छ।

पर्यवेक्षणको क्रममा जम्मा ५६४ मतदान अधिकृतहरुलाई मतदान सञ्चालन गराउन कतिको सहज भयो भनी सोधिएकोमा ३.४ प्रतिशत अथवा १९ मतदान अधिकृतहरुले सहज भएन भने। सहज भएन भन्ने मतदान अधिकृतहरुको १९ संख्यालाई आधार मानेर कारण बारे थप प्रश्न गर्दा व्यवस्थापन खर्चको कमी भन्नेहरू ५ जना रहेको थियो। अन्य कारणहरूमा सुरक्षा व्यवस्थामा कमी र कर्मचारीको संख्या अपर्याप्त भन्ने उत्तर आयो। निर्वाचनपूर्व जियोकले गरेको निर्वाचन केन्द्रको तयारीको अवलोकनमा २०७२ वैशाखको भूकम्पपछिको स्थितिको राम्रो समीक्षा नगरी कतिपय निर्वाचन केन्द्रको चयन गरिएको पाइयो। यसबाट मतदान व्यवस्थापनमा सहजता नआउने पूर्वअनुमान गरिएको थियो। साथै, पहिलो र दोस्रो निर्वाचनताकाको मौसम गर्मी र वर्षातको ख्याल नगरी त्रिपाल आदिको व्यवस्थामा ध्यान पुग्न नसकेकोले मतदाताले ठूलो समस्या भोग्नु पऱ्यो। यो विषय पहिले पनि पटक–पटक अनुभव गरिएकै हो। निर्वाचन आयोजनाको कूल

खर्चमा मतदाता–मैत्री निर्वाचनस्थलको प्रबन्ध र निर्वाचन केन्द्रको बजेटबारे उचित विचार पुऱ्याएको पाइएन। मतदाताको संख्या धेरै भएका कतिपय स्थानमा कर्मचारीको संख्या पर्याप्त नभएको मतदान अधिकृतको अनुभव रह्यो।

## ५.२. निर्वाचन अभियान तथा मतदान

सङ्घीय संरचनाको निर्माणमा अत्यन्त ठूलो महत्व राख्ने स्थानीय तहको निर्वाचन वैशाख ३१ मा एकै चरणमा गर्ने घोषणा सरकारले फागुन ९ गते गरेको भए तापनि भोलिपल्ट फागुन १० गते नै सरकारले ७ प्रदेशमध्ये प्रदेश १, २, ५ र ७ को दोस्रो चरणको निर्वाचन जेठ ३१ मा गर्ने अर्को निर्णय गऱ्यो। मधेसकेन्द्रित दलहरूलाई निर्वाचनमा समेट्न भन्दै गरिएको यो निर्णयसँगै सरकार संविधान संशोधनको परिमार्जित विधेयक पारित गर्ने तयारीमा लाग्यो। संविधानको बाध्यात्मक व्यवस्था अनुसार जेठ १५ गते ल्याइने बजेट निर्वाचनकै बीचमा ल्याउनु आचारसंहिता अनुकूल हुने कुरा थिएन। यसबाट निर्वाचनका विषयलाई लिएर जनता र राजनीतिक वृत्तमा आशंका र अन्यौल व्याप्त भए तापनि निर्वाचनको पक्षमा देशैभर देखिएको जन चाहनाको दबाव र मधेसका गाउँ गाउँमा बढेको चुनावी वातावरणका कारण मधेसकेन्द्रित दलहरू आन्दोलनका कार्यक्रम थाती राख्न बाध्य भए। मोर्चाका नेता तथा कार्यकर्ता पनि उम्मेदवारी दिने तयारीमा जुटे।

पहिलो चरणको निर्वाचन वैशाख ३१ मै सम्पन्न भयो। जेठ ३१ मा गर्ने भनिएको दोस्रो चरणको निर्वाचन पनि मिति सर्दै असार १४ र तेस्रो चरणको असोज २ मा गरी तीन चरणमा स्थानीय तहको निर्वाचन सम्पन्न भयो। एक जना उम्मेदवारको मृत्युपछि स्थगित सप्तरीको राजविराज वडा नंबर १५ मा मतदान भने असोज ५ गते सम्पन्न भएको हो।

### ५.२.१. उम्मेदवारी दर्ता

स्थानीय निकायमा पछिल्लो पटक निर्वाचित प्रतिनिधिको ५ वर्षे पदावधि २०५९ असारमा सकिए यता कर्मचारी र सर्वदलीय संयन्त्रबाट स्थानीय निकायको काम सञ्चालन हुँदै आएकोमा धेरै समयपछि विकास निर्माणको काम अब जनप्रतिनिधिको हातमा आउने भएकोले आम जनतामा उत्साह छाएको हो। यो उत्साह उम्मेदवारी दर्तासँगै सबै प्रदेशमा देखिएको छ। यसभन्दा पहिले २०७० मा भएको संविधानसभाको दोस्रो निर्वाचनमा प्रत्यक्षतर्फ जम्मा २४० स्थानका लागि ६,१२६ उम्मेदवार मैदानमा खडा भएकोमा हाल देशभर कायमभएको ७५३ स्थानीय तहमा निर्वाचित हुने जनप्रतिनिधिहरूको संख्या ३५,२२१ र उम्मेदवारहरूको संख्या १,४९,१६२ रहेकोबाट जनताका लागि यो निर्वाचनको महत्व स्पष्ट हुन्छ। यसका साथै, संविधान र स्थानीय तह निर्वाचन ऐनले स्थानीय तहको कार्यपालिका र व्यवस्थापिकामा समावेशी प्रतिनिधित्वको सुनिश्चितता गरेकोले स्थानीय सरकारमा महिला, दलित र अल्पसंख्यक समुदायको प्रतिनिधित्वबाट यी अपहेलित र पिछडिएका वर्गको उत्थान र विकासमा ठूलो महत्व राख्दछ।






यति ठूलो महत्व राख्ने निर्वाचनमा "हाम्रो होइन, राम्रो" को उम्मेदवारी अपेक्षित थियो। तर जनताको यो अपेक्षा गाउँपालिकाको धेरैजसो उम्मेदवारीको हकमा औंला उठेको नदेखिए पनि धेरै जसो नगरपालिकाको उम्मेदवारी विवादरहित रहेन। पहिलो र दोस्रो चरणको निर्वाचनमा मुख्य चार दल आ–आफ्ना राजनीतिक

मूल्य मान्यता विपरित जीतका लागि तालमेल र गठबन्धनमा लागेका देखिए। यो प्रवृत्ति तेस्रो चरणसम्म कायममात्र रहेन यो चरणमा उम्मेदवारी छनौटमा साम, दाम, दण्ड, भेदको नीति उचाइमै पुग्यो। यो चरणको निर्वाचन विशेषगरी नेपाली काङ्ग्रेस र मधेसवादी दलका लागि प्रतिष्ठाको विषय रह्यो। नेपाली काङ्ग्रेसका लागि पहिलो हुने चुनौति थियो भने राष्ट्रिय जनता पार्टीका लागि अस्तित्वको सवाल थियो। यो चरणको उम्मेदवारी दर्तामा दलहरू निर्वाचन जित्नकै लागि आफ्नो राजनीतिक मूल्य मान्यता विपरित दलको उचाई बढाउनेभन्दा गिराउने संभावना भएका उम्मेदवारहरू निर्वाचनमा खडागरेको देखियो। उम्मेदवारीको अन्तिम समयमा समेत दल बद्लेर आएकालाई उम्मेदवार बनाइयो। उम्मेदवारी छनौटमा मनि र मसल्सको आधार लिइएको स्पष्ट देखियो।

निर्वाचनलाई लिएर जनतामा उत्पन्न विभिन्न संशयलाई पारगर्दै दुई दशकपछि भएको यो निर्वाचनमा ३६,६६१ पदका लागि जम्मा १,४९,१६२ उम्मेदवार प्रतिस्पर्धामा थिए। देशभर उम्मेदवारी शान्तिपूर्वक दर्ता भए। तथापि, कतिपय जिल्लाहरूमा उम्मेदवारी–पत्र दर्ता गर्दाको अवस्थामा उम्मेदवारी–पत्रमा उल्लेख भएका विवरण लामो र अस्पष्ट भएको र उम्मेदवारी–पत्र दर्ता गर्ने काममा खटिएका कर्मचारीहरूमा तालिमको अभावका कारण उनिहरू अल्मलिएका र यसले गर्दा उम्मेदवारहरू पनि अल्मलिएको पाइयो। यो निर्वाचनमा पहिलो पटक महिला र दलित महिलाहरूको सहभागिता उल्लेख्य मात्रामा रह्यो।

## ५.२.२. निर्वाचन आचारसंहिताको पालना



तीन चरणमा सम्पन्न यो निर्वाचनमा दल तथा उम्मेदवारहरूबाट प्रचार–प्रसार र खर्चको सीमासम्बन्धी आचारसंहिताको उलङ्घनको माप निर्वाचनको चरणसँगै बढेर गएको देखियो। पहिलो चरणको निर्वाचन भरतपुर लगायत चार महानगरपालिका बाहेक अन्य जिल्लाहरूमा स्वच्छ रुपमा सम्पन्न भएको सबैले अनुभव गरेको हो। दोस्रो चरणमा आइपुग्दा विशेष गरी तराईका जिल्लाहरूमा तीन मुख्य दलहरूमा को पहिलो हुने प्रतिस्पर्धाका कारण प्रचार–प्रसार र चुनावमा खर्चको परिधि अविश्वसनीय रुपले बढेको देखिएको हो। तेस्रो चरणमा आइपुग्दा राष्ट्रिय जनता पार्टीको सहभागिताले प्रमुख दलहरूमा प्रतिस्पर्धामात्र होइन प्रतिष्ठाले पनि ठूलो स्थान लियो। विशेषगरी महानगरपालिका र उप–महानगरपालिका क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धाका कारण चुनाव खर्चले सीमा उलङ्घन गरेको देखियो। वास्तवमा उम्मेदवारी नै मनि र मसल्स पावरमा आधारित हुनपुग्यो। तेस्रो चरणमा पनि आचारसंहिताको पालनामा दलहरू जवाफदेही विहीन भएकै हो।

कतिपय स्थानमा आचारसंहिता उलङ्घनका घटनाहरूमा प्रमुख निर्वाचन अधिकृतको कार्यालयको सकृयताबाट कारवाही भए। कतिपय जिल्लाहरूमा आचारसंहिता उलङ्घन गरी टाँसिएका पोष्टर, टाँगिएका झन्डा प्रहरी र अन्य कर्मचारी लगाई हटाइएको, उलङ्घनका मौखिक उजुरीहरूबारे प्रमुख जिल्ला अधिकारी र प्रहरीमार्फत समाधान गरिएको, केही स्थानमा उलङ्घनका घटनाहरूमा स्पष्टिकरण मागिएका पाइयो। यस्ता स्पष्टीकरण मन्त्रिपरिषद्का सदस्यहरूसँग पनि सोधिएका थिए। केही स्थानमा उदाहरणका लागि बाग्लङमा नेकपा (एमाले) ले गरेको मोटरसाइकल ¥यालीमा रोक लगाइयो। कारवाही फेरी यस्तो काम नदोहोरिने शर्तमा सीमित हुनपुगे। विराटनगरमा बिहान ७ बजे नै पास नभएका केही सवारी साधन विशेषगरी मोटरसाइकल प्रहरीद्वारा नियन्त्रणमा लिई ६ बजेपछि फिर्ता गरियो। (बागलुङमा विप्लव समूहका दुइजना कार्यकर्ताले चन्दा लिन खोजेको आरोपमा प्रहरीले नियन्त्रणमा लिई सार्वजनिक मुद्दा दर्ता गरेको बुझियो। निर्वाचन कसूर तथा सजायसम्बन्धी ऐन बमोजिम जरिवाना गरिएको भने जानकारीमा आएन। उलङ्घनका यस्ता घटनाहरू दोहोरिनै रह्यो। उलंङ्घनको मात्राको तुलनामा कारवाही न्यून देखियो।

निर्वाचन कसूर तथा सजायसम्बन्धी ऐनमा निर्वाचन प्रचार–प्रसारका सम्बन्धमा आयोगले तोकेको आकार र रङको सामान्य पर्चा वितरण गर्न बाहेक कुनै प्रकारको पोस्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले छाप्न वा छपाउन वा प्रयोग गर्न वा गराउन नहुने व्यवस्था गरिएको छ। यसको विपरीत कुनै राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधिले गरेको पाइएमा यस्ता पोस्टर आदि जफत गर्नुका

साथै यस्तो प्रयोग गरेको स्थानलाई दुरुस्त बनाई राख्न निर्वाचन आयोग, निर्वाचन अधिकृत वा अनुगमनकर्ताले पच्चीस हजार रूपैयाँसम्म जरिवाना गर्नसक्ने व्यवस्था सो ऐनले गरेको छ। यसका साथै, तोकिएको संख्याभन्दा बढी वा अनुमति दिएको बाहेक अन्य सवारी साधन प्रयोग गरेमा वा नेपाल सरकार, स्थानीय तह आदिको सवारी साधन प्रयोग गरेको वा निर्वाचन प्रचारमा मोटरसाइकल र्‍याली निकालेको पाइएमा निर्वाचन आयोग, निर्वाचन अधिकृत वा अनुगमनकर्ताले पच्चीस हजार रूपैयाँसम्म जरिवाना गर्नसक्ने व्यवस्था सो ऐनले गरेको छ। सार्वजनिक स्थानमा पर्चा टाँस्न वा लेख्न, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग, मतदातालाई नगद, जिन्सी वितरण गर्न, भोज भतेर आयोजना गर्न, मतदातालाई प्रभाव पार्न टि-शर्ट, क्याप, स्टिकरको प्रयोग आदि विषयमा बन्देज लगाइएको थियो। आचारसंहिता पालनामा समग्रमा पहाड र तराइका गाउँपालिका क्षेत्रहरूमा दलहरू सजग भए तापनि अन्य स्थान विशेषगरी नगरपालिका क्षेत्रहरूमा ठूलो मात्रामा उलङ्घनका घटनाहरू घटेको पाइयो। कतिपय जिल्लाहरूमा आर्थिक प्रलोभनका घटनाहरू भएको अपुष्ट समाचार सुन्नमा आयो भने निर्वाचन खर्चबारेको सीमाको पालना नभएको स्पष्ट देखियो। मौन अवधिमा पनि उम्मेदवारहरूको प्रचार चालू नै रह्यो।

आचारसंहिता पालनामा मतदान केन्द्रका कर्मचारीहरूको कमजोरी पनि सतहमा आए। मतदान केन्द्रमा खटिइगएका केही कर्मचारी उम्मेदवारसँग बसेर फोटो खिचाएको, राती होटलमा उम्मेदवारसँग बसी खाजा खाएको, मतदानस्थलभित्र उम्मेदवारसँग हात मिलाउने लगायतका उजुरीपरेकामा त्यस्ता कर्मचारीहरूलाई सम्बन्धित मतदान केन्द्रबाट फिर्ता गरी अर्को कर्मचारी पठाइएको जानकारीमा आयो।

पर्यवेक्षणको क्रममा मतदाता, राजनीतिक कार्यकर्ता र पर्यवेक्षकलाई प्रश्नावलीको माध्यमबाट आचारसंहिताको पालनाबारे केही प्रश्न सोधिएका थिए। उम्मेदवारले आचारसंहिताको पालना कत्तिको गरे भनी ३,२१० मतदातालाई सोधिएकोमा २,३६० (७३.५ प्रतिशत) ले पालना गरे भने। प्रदेश-२ बाहेक अन्य ६ प्रदेशमध्ये प्रदेश-१, प्रदेश-४, प्रदेश-६ र प्रदेश-७ मा पालना गरे भन्नेहरूको संख्या सरदरभन्दा माथि रह्यो। त्यसैगरी राजनीतिक विभिन्न १७ दलका २५४ कार्यकर्तालाई सोधिएको प्रश्नमा निर्वाचन आचारसंहिता पालनाको अभावका कारण स्वतन्त्र भएन भन्नेहरूको संख्या १५९ (६२.६ प्रतिशत) रहेको पाइयो। प्रदेश बीच यो प्रतिशत प्रदेश-६ मा सबैभन्दा बढी ९१.७ प्रतिशत रहेको देखियो। सीमाभन्दा बढी खर्च भयो भन्नेहरूको संख्या १३८ अथवा सरदर ५४.३ प्रतिशत रह्यो। प्रदेशबीच यो प्रतिशत सबैभन्दा बढी प्रदेश-७ मा ६९.२ प्रतिशत रहेको पाइयो। आचारसंहितामा भएको व्यवस्था अनुसार निर्वाचनस्थलको ३०० मीटरभित्र पोष्टर, तुल वा अन्य प्रचार सामग्री हटाइसकिएको भन्ने प्रश्नमा ५६४ पर्यवेक्षकहरू मध्ये ४१० अथवा ७२.७ प्रतिशतले हटाइसकिएको भने।

## ५.२.३. निर्वाचन अभियान र सुरक्षा स्थिति




पहिलो चरणको निर्वाचन हुनुभन्दा पहिलेदेखि नै निर्वाचन बिथोल्ने माओवादी विप्लव समूहको धम्कीका कारण विशेषगरी सदरमुकाम भन्दा बाहिर गाउँहरूमा उम्मेदवार र जनतामा केही मात्रामा त्रासको स्थिति रहेको थियो। निर्वाचनपूर्व र निर्वाचनका दिन केही स्थानमा सकेट बम, कुकर बम विष्फोटन र सवारी साधन तोडफोड गर्ने, आगो लगाउनेजस्ता घटनाहरू घटे। कुनै कुनै जिल्लामा उम्मेदवार नबन्न धम्की समेत आए। चुनावी सभा बिथोल्न बम विष्फोटन पनि गरिए। यस अतिरिक्त राष्ट्रिय जनता पार्टीको निर्वाचन वहिस्कार बाट पनि जनतामा असुरक्षाको स्थिति रहेको थियो। सरकारले निर्वाचनविरोधी गतिविधि गर्नसक्न माथि निगरानी बढाउन र निर्वाचनको विरोधमा संलग्नलाई तुरुन्त पक्राउ गर्न सर्कुलर जारी गरी सुरक्षा व्यवस्था कडा पारेको थियो। कतिपय जिल्लाहरूमा निर्वाचनविरोधी गतिविधिमा लाग्नसक्ने र निर्वाचनको विरोधमा संलग्न भएको आरोपमा माओवादी विप्लब समूहका कार्यकर्ता पक्राउ गरिएको थियोभने आपराधिक पृष्ठभूमिका केही व्यक्तिहरूलाई पनि पक्राउ गरिएको थियो। विप्लप समूहको संलग्नताको नाउँमा केही पत्रकारहरुलाई विना पुर्जी थुनी केही हप्ता पछि विना कसुर र प्रक्रिया छोड्ने काम सरकारले गर्‍यो। जसबाट व्यक्तिको मानव अधिकारप्रति राज्य सम्वेदनशील नभएको पाइयो।

दोस्रो चरणमा पनि निर्वाचन बिथोल्न केही घटना घटे । केही स्थानमा विष्फोटन र सवारी साधनमा आगो लगाउने जस्ता घटना भए । उदाहरणका लागि इलाम नगरपालिकाको बीच चियावारीमा निर्वाचनकै दिन बिहान एउटा बम विस्फोट भए तापनि कोही हताहत नभएको, निर्वाचनको दुई दिन पहिले पुवा खोलापारि साखेजुङ भन्ने स्थानमा ट्रकमा आगजनी आदि घटना भएको जानकारीमा आयो । नवलपरासीको सुनवल नगरपालिकामा निर्वाचन भन्दा दुई दिन पहिले बम विस्फोट हुँदा २ जनाको मृत्यु र रामग्राम नगरपालिकामा निर्वाचनभन्दा ५ दिन पहिले भएको झडपमा २ जनाको ज्यान गएको जानकारीमा आयो । बर्दघाट नगरपालिकाका नेपाली काङ्ग्रेस, नेकपा एमाले र माओवादी केन्द्रका मेयरका उम्मेदवारका घरमा भेटिएको बमलाई प्रहरीले डिस्पोज गरेको थियो । केही स्थानमा घटेका यस्ता घटनाहरूका बावजुद मतदातामा यसको खासै असर परेन । तीन चरणमा सम्पन्न स्थानीय तहको निर्वाचनका लागि सरकारले गरेको सुरक्षा व्यवस्था केही जिल्लामा भएका छिटपुट घटना बाहेक समग्रमा सन्तोषजनक रह्यो । सुरक्षाको कडा व्यवस्था र बीस वर्षपछि भएको स्थानीय तहको निर्वाचनमा मतदानगर्न आतुर जनताको अठोटका कारण निर्वाचनमा जनताको सहभागिता उल्लेख्य मात्रामा रह्यो । विराटनगरमा बिहान ७ बजे नै पास नभएका केही सवारी साधन विशेषगरी मोटरसाइकल प्रहरीद्वारा नियन्त्रणमा लिई ६ बजेपछि फिर्ता गरियो । राजपाले चुनावमा भाग नलिएपनि स्वतन्त्र उम्मेदवारको रुपमा चुनावमा भाग लिएकोले पनि चुनाव बिथोल्ने काम भएन ।




## ५.२.४. राजनीतिक हिंसा

यो निर्वाचन स्थानीय तहको भएको हुँदा उम्मेदवार र मतदाता स्थानीय नै हुनेभएकाले पनि निर्वाचन केही अपवादबाहेक हिंसारहित सम्पन्न भयो । यस पल्टको निर्वाचनमा दलहरू बीच तालमेलका कारण केही स्थानमा दलका स्थानीय कार्यकर्ताहरूमा असन्तुष्टी रहेकोले पनि स्थानीय तहमा राजनीतिक हिंसाका केही घटना घटेको भने पाइयो । बागलुङको बरेङ गाउँपालिकामा रुख चिन्हबाट अध्यक्ष पदमा उठेका एमाओवादी केन्द्रका स्थानीय नेता प्रदिप थापामाथि आफ्नै दलका कार्यकर्ताहरूद्वारा वैशाख २८ गते कुटपिटगरी घाइते भएको हाम्रा पर्यवेक्षकबाट जानकारीमा आयो । दोलखाको मेलुङ गाउँपालिका वडा नं १ को सत्यश्वर मावि मतदान केन्द्रमा मतदान भइरहँदा नेपाली काङ्ग्रेस र नेकपा एमालेका कार्यकर्ताबीच विवाद भई झडपहुँदा सुरक्षाकर्मी र कर्मचारीको ज्यादति भन्दै दलका कार्यकर्ताहरू आक्रामक शैलीमा मतदान केन्द्र छिरे । तीन तलामाथि मतपेटिका सुरक्षित राखेपनि आक्रमणगर्ने समूहले मतपेटिका तोडफोड गरे । तत्पश्चात प्रहरीले चलाएको गोलीबाट नकूल भनिने डम्बर बहादुर भुजेलको मृत्यु हुनाका साथै निर्मल कोइराला, भुवन बुढाथोकी लगायत अन्य केही मानिस घाइते भए । अन्य केही जिल्लाहरूमा मतदानका दिन उदाहरणका लागि सिन्धुपाल्चोक जिल्ला इन्द्रावती वडा नं १० मा नेकपा एमाले र नेपाली काङ्ग्रेसका कार्यकर्ताहरू बीच भनाभन हुँदा सामान्य झडप भएको र मेलम्ची नगरपालिका वडा नं ११ मा मतदानको क्रममा माओवादी केन्द्र र नेकपा एमालेका कार्यकर्ताबीच झडप भएको जानकारीमा आयो । नुवाकोट जिल्ला मेघाङ गाउँपालिका वडा नं ४ किन्ताङ मतगणना केन्द्र बाहिर नेपाली काङ्ग्रेसका कार्यकर्ताले राप्रपा कार्यकर्ता उपर हतियार प्रहार गरेकोमा २ जना सामान्य घाइते भएको । अन्य सानातिना घटना धादिङ जिल्लामा पनि घटेको पाइयो ।

## ५.२.५. मतदान

स्थानीय तहको यो निर्वाचनमा मतदाताको संख्या १,४०,७२,४१९ रहेको र यसका लागि निर्वाचन आयोगले जम्मा १८,५७२ मतदान केन्द्रको व्यवस्था गरेको थियो । यो संख्या २०७० मा भएको दोस्रो संविधानसभाको १८,७७५ केन्द्रभन्दा २०३ ले कम देखिन्छ । एकातिर मतदाताको संख्या बढनु र अर्कोतिर मतदान केन्द्रको संख्या घट्नुले केही केन्द्र मतदाताका लागि अपायक भन्ने भनाइ रह्यो । कहिं कहिं मतदाताले पाँच घण्टासम्म हिडेर आउनुपरेको बताए । पहिलो र दोस्रो चरणको निर्वाचनमा ७३.६ प्रतिशत मत खसेको पाइयो ।

मतदान केही अपवादबाहेक बिहानको ७.१५ भित्र सुरु भइ बेलुकी ५ बजे सम्पन्न भएको थियो। मतदातामा ठूलो उत्साह देखियो। मतदाताले केन्द्रसम्म आउनजान बाधा विरोधको सामना गर्नु परेन। मतदानका लागि मतदाता कतिपय स्थानमा बिहान ६ बजेनै लाइनमा उभिएको देखियो। मतदानमा अति वृद्ध, रोगी, किरियापुत्रीसमेतले भाग लिएको पाइयो। मतदानमा सहजता होस् भनी महिला र पुरुषका लागि बेग्ला बेग्लै लाइनको व्यवस्था गरिएको र जेष्ठ नागरिक र अशक्तलाई प्राथमिकताकासाथ मतदान गर्ने व्यवस्था मिलाइएको थियो। कानून अनुसार दृष्टिविहीन र शारीरिक अशक्त मतदाता जसले आफै मत सङ्केत गर्ननसक्ने भई मत सङ्केत गर्न सहयोग पुर्‍याउन एकाघरको परिवारको सदस्यलाई सहयोगका लागि लग्ने व्यवस्था मिलाइएको थियो। तर कानूनले दिएको यो सुविधाको प्रयोगमा भने मिश्रित प्रतिकृया आयो। कतिपय मतदान अधिकृतलाई कानुनमा भएको यस्तो व्यवस्थाबारे जानकारी वा राम्रो हेक्का भने रहेको देखिएन। एकाघरको परिवारको सदस्य हो होइन भन्ने निर्क्योल नगरी यस्तो सुविधा दिंदा कतिपय मतदान केन्द्रमा मतको दुरुपयोग भएको आशंका गरिएको छ। एका घरका बाहेक अन्य यस्ता असम्बन्धित व्यक्तिले मतदाताको इच्छा अनुसार मत दिएकोबारे ढुक्क हुने अवस्था आएन।





संविधानसभाको निर्वाचनमा परिचयपत्र भएका कतिपय व्यक्तिहरूको यस पटक परिचयपत्र थिएन, टन्टलापुर घाममा ३.५ घण्टासम्म लाइनमा बसिसकेपछि मत दिन नपाएकोमा मतदाताले आफ्नो आक्रोस व्यक्त गरेको पाइयो। कतिपय मतदान अधिकृतलाई परिचयपत्र नभएका तर मतदाता नामावलीमा नाम भएकाले परिचय खुल्ने अन्य प्रमाणको आधारमा मतदाताले मतदान गर्न पाउँछ भन्ने जानकारीको अभावका कारण केही मतदाताले मतदान गर्न पाएनन्। मतदान केन्द्रमा घामपानीबाट ओत, खानेपानीको व्यवस्था, महिला र पुरुषका लागि अलग अलग शौचालयको अभावमा मतदान केन्द्र मतदाता–मैत्री नभएकोमा असन्तुष्टी व्यक्त गरेको जानकारीमा आयो। कतिपय मतदान केन्द्रमा खानेपानीको बन्दोबस्त उम्मेदवारले गरेको देखियो जुन विषय निस्पक्ष मतदान अनुकूल थिएन। निर्वाचनको यति ठूलो खर्चमा यस्ता व्यवस्थाले प्राथमिकता नपाउनु सोचनीय विषय बनेको छ।



अधिकांश मतदान केन्द्रको अवस्थिति उपयुक्त देखिए पनि कतिपय केन्द्र रहेको स्थान ज्यादै साँगुरो भएको पाइयो। उदाहरणका लागि दाउन्नेदेवी मावि, वर्दघाटमा ५ वटा बुथ रहेको, क्षेत्र ठूलो भएपनि बुथहरू नजिक नजिक राखिएकोले साँगुरो थियो। सुरक्षाकर्मी पनि १६ जवान मात्रै रहेका थिए। बाँकेको प्रभात माविमा सुरक्षाकर्मी कम भएकोले मतदान अधिकृत चिन्तित भएको पाइयो। बाँके, नवलपरासी लगायत जिल्लाहरूमा कहीं–कहीं उम्मेदवारहरू मतदान केन्द्रभित्र उपस्थित भई मतदातालाई आफ्नो चिन्हमा मत खसाल्न अनुरोध गरिरहेको देखियो। पानी खुवाउने निहुँमा मतदातालाई प्रभावमा पारेको भनी सुनसरी भलुवा–७ दुहवीमा विवाद भएको थियो। नागरिकताको प्रमाणपत्रको आधारमा मताधिकार प्रयोग गर्ने व्यवस्था मिलाइएको थियो। मतदानका दिन कतिपय जिल्लाहरूमा आचार संहिता विपरित गाडीहरू मतदाता ओसार्ने काममा निर्बाध रुपमा

सञ्चालन भएको पाइयो। बाँकेमा विदेशी नियोगका कर्मचारी कुनै संस्थालाई पर्यवेक्षणका लागि आर्थिक सहयोग गरेको आधारमा आफै निर्वाचनसम्बन्धी सोधिखोजी गरिरहँदा पनि निर्वाचन अधिकृत मौन रहेका थिए।

मतदाता शिक्षा कमजोर भएकोले मत कसरी दिनेभन्नेबारेमा ठूलो संख्यामा मतदाता अन्यौलमा थिए। उदाहरणका लागि बाँकेमा मतदानका लागि लाम लागुन्जेलसम्म पनि मतदाता मत कसरी दिने भनी दुविधामा नै रहेको पाइयो। यसको असर ठूलो संख्यामा भएको बदर मतबाट स्पष्ट हुन्छ। बाँकेको प्रभात उच्च मावि मा ३ वटा मतदान केन्द्र भएको तर कतिपय श्रेणीविहीन कर्मचारीलाई निर्वाचनमा खटाइएकोले राम्ररी लेखपढ गर्न नजान्ने तथा निर्वाचनको विषयवस्तु नै ठम्याउन नसक्ने भएका कारण मतदान व्यवस्थापनमा कठिनाईको सामना गर्नुपरेको देखियो। कतिपय मतदान केन्द्रमा सुरक्षाकर्मीले नै व्यवस्थापनको जिम्मा लिएको जानकारीमा आयो।

चितवन जिल्ला इच्छाकामना गाउँपालिका वडा नं ५ स्थित एउटा मतदान केन्द्रमा उम्मेदवारले मतदाताको तर्फबाट आफै मतदान गरेको, विदेश गएका र मृत्यु भईसकेको नामबाट माओवादी केन्द्रका कार्यकर्ताले मतदान गर्न प्रयास गरेकोमा अन्य दलका प्रतिनिधिहरूले थाहापाई विरोध गरेको कारण ती चार जनालाई सुरक्षाकर्मीले नियन्त्रणमा लिएकोमा राजनीतिक दलहरूको सल्लाहमा छाडिएको जानकारीमा आयो।

## ५.२.६. मतदाताका दृष्टिमा मतदान

स्थानीय तहको निर्वाचन वहिस्कार गर्ने दलहरू विशेषतः माओवादी बिप्लव समूहले केही स्थानमा बन्द, बम विष्फोटन, सवारी साधनमा तोडफोड र आगजनी आदि गराएको भएपनि आम मतदातालाई मतदान केन्द्रसम्म आउन कुनै डर त्रास बाधा, अवरोध नभएको अधिकांशको धारणा रहेको पाइयो। जम्मा ३,६३८ मतदातालाई यो प्रश्न गरेकोमा २९८ (८.२ प्रतिशत) ले मात्र केही बाधा भयो भनेको पाइयो। बाधा अवरोध भयो भन्नेहरूलाई थप प्रश्न गर्दा ४९ जना (१६.४ प्रतिशत) ले बाटोमा अवरोध भएको भने। यस्तो उत्तर दिनेहरूमा सात प्रदेशमध्ये प्रदेश–६ मा सबैभन्दा बढी २८.६ प्रतिशत रहेको देखियो। तर सबैभन्दा बढी २४७ (८२.९) मतदाताले यातायातको असुविधा औंल्याए।

मतदाताहरूलाई मतदान कतिको निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न भयो भनी सोधिएकोमा ३,४३२ अथवा ९४.३ प्रतिशत मतदाताले मतदान निष्पक्ष भयो भने। निष्पक्ष भएन भन्ने मतदातालाई थप प्रश्न गर्दा २०६ मध्ये १५४ अथवा ७५.२ प्रतिशत मतदाताले कारणमा आर्थिक चलखेल रहेको बताए।

मत दिंदा के को आधारमा दिनुभयो भन्ने प्रश्नमा ७५.५ प्रतिशत मतदाताले काम गर्ने क्षमता भएकालाई दिएको बताए। महिला, दलित वा स्वजाति भएको आधारमा मत दिएको भन्नेहरूको प्रतिशत ८ देखि १५ प्रतिशत मात्र रह्यो। यसबाट मतदाताको नागरिक हक प्रयोगमा परिपक्वता आएको स्पष्ट हुन्छ।

## ५.२.७. राजनीतिक कार्यकर्ताका दृष्टिमा मतदान

पर्यवेक्षणको क्रममा प्रश्नावलीको माध्यमबाट विभिन्न १८ राजनीतिक दलका ३,६३५ कार्यकर्तालाई मतदान कतिको निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न भयो भनी सोधिएकामो ३,३५१ अथवा ९२.२ प्रतिशत राजनीतिक कार्यकर्ताहरूले निष्पक्ष भयो भने। यो प्रश्नमा निष्पक्ष भएन भन्ने २८४ राजनीतिक कार्यकर्ताहरूमध्ये १८१ अथवा ६३.७ प्रतिशतले प्रचार–प्रसारमा आचारसंहिता पालनाको अभाव र १५५ अथवा ५४.६ प्रतिशतले सीमाभन्दा बढी रकम खर्चलाई औंल्याए। यसबाट राजनीतिक कार्यकर्ताहरूको सोंचाई स्वतन्त्र र वस्तुपरक भएको अनुमान गर्न सकिन्छ। निर्वाचनमा सुरक्षा व्यवस्थाको प्रभावकारिताबारेको प्रश्नमा प्रभावकारी र अत्यन्त प्रभावकारी भन्नेहरूको प्रतिशत ८१.१ रहेको देखियो।

## ५.२.८. पर्यवेक्षकका दृष्टिमा मतदान

मतदानस्थलको व्यवस्थापन र मतदान प्रक्रियाबारे सुरुदेखि अन्त्यसम्मको विस्तृत जानकारी लिन मतदान केन्द्रमा पर्यवेक्षकको व्यवस्था गरिएको थियो । पर्यवेक्षण गरिएका केन्द्रहरूमध्ये ९६.६ प्रतिशत केन्द्रहरू अधिकांश मतदाताका लागि पायक पर्ने ठाउँमा रहेको

पर्यवेक्षकका भनाई रह्यो । मतदान केन्द्रमा मतदातालाई मतदानमा सहयोग पुगोस् भनी आवश्यक सङ्केतहरू, महिला र पुरुष मतदाताका लागि अलग–अलग लाइन र दृष्टिविहीन र अशक्त मतदाताको सहयोगका लागि आवश्यक व्यवस्था गरिएको पाइयो । मतदान केन्द्रको सुरक्षा व्यवस्था राम्रो र मतदाता र उम्मेदवारले आफ्नो पूर्ण सुरक्षा महसुस गरे । मतदान प्रक्रियाको सुरुवातमा मतपेटिकामा लगाइएको सुरक्षा सील अवलोकनगर्ने, मतपत्रको जम्मा संख्या आदिसम्बन्धी जानकारी उपलब्ध गराउने जस्ता सबै प्रक्रिया पूरा गरेको पाइयो । यसका साथै मतदान केन्द्र बन्द हुनु अगाडि र सीलबन्दी गर्ने र मतपेटिका ओसार्ने आदि प्रक्रिया सन्तोषजनक रह्यो । केही अपवाद बाहेक पर्यवेक्षकले मतदान प्रक्रियाका सबै पक्षहरू राम्रोसँग हेर्न पाए । कर्मचारीहरूबाट पर्यवेक्षकले राम्रो सहयोग पाए भने कुनै कुनै स्थानमा मतदान अधिकृतले पर्यवेक्षकले सोधेका प्रश्न र जिज्ञासाका उत्तर दिन नचाहेको पनि पाइयो । एकआध स्थानमा पर्यवेक्षकलाई प्रवेशमा रोक लागेकोमा पछि प्रवेश पाइएको जानकारीमा आयो ।

### ५.२.९. पुनः मतदान

मतदानमा हिंसाका कारण दोलखा जिल्ला, मेलुङ् गाउँपालिका वडा नं १ को सत्येश्वर मावि मतदान केन्द्रमा नेपाली काङ्ग्रेस र नेकपा एमाले बीच विवाद भई झडप हुँदा मतपेटिका तोडफोड भएपछि प्रहरीले गोली चलाउदा एकजनाको मृत्यु भई मतदान स्थगित भएकोमा जेठ ७ गतेका दिन पुनः मतदान भएको थियो । मतदानबाहेक यो निर्वाचनमा मतगणनाका क्रममा भएको मतपत्र च्यात्ने घटनाका कारण पनि पुनः मतदान भएको थियो । विभिन्न विवादका बीच सुरुहुँदै रोक्दै मतगणना भएको भरतपुर महानगरपालिकामा १४ जेष्ठ राति ११.४५ बजेको समयमा वडा नं १९ को मतपत्र गणना गर्दैगर्दा गणना गर्न बाकीरहेको केही मतपत्रहरू माओवादी केन्द्रका मतगणना प्रतिनिधिहरूले च्यातेको कारण मतगणना कार्य स्थगित भएको थियो । त्यसपछि निर्वाचन आयोगले सो वडाको पुनः मतदान कार्यगर्ने सम्बन्धमा गरेको निर्णय र आदेशको विरुद्धमा सर्वोच्च अदालतमा रिट निवेदन परेकोमा सर्वोच्च अदालतबाट रिट खारेजको फैसला भएपछि सो १९ नं वडाको पुनः मतदान भइ मतगणना र परिणामसमेत घोषणा भइसकेको छ।

## ५.३. मत गणना र निर्वाचन परिणाम

जिल्लाका सबै मतदान केन्द्रबाट सिलबन्दी गरिएका मतपेटिकाहरू सम्बन्धित गाउँपालिका र नगरपालिकाका मत गणनास्थलमा ल्याएपछि सोही रातिदेखि मतगणनाको काम सुरु भएको थियो । मतगणनाको काम लगातार गर्ने व्यवस्था मिलाइएको थियो । जियोकले पर्यवेक्षण गरेका ३० जिल्लामध्ये एक दुई बाहेक सबै जिल्लाहरूमा मतगणनास्थलको व्यवस्था उपयुक्त हुनाका साथै मतगणनापूर्व गरिने प्रक्रिया उदाहरणका लागि मतपेटिका कुन निर्वाचन केन्द्र र बुथको हो, सील नम्बर रुजु गर्ने, मतपेटिकाको भौतिक स्थितिबारे जानकारी दिने आदि व्यवस्था मिलाइएको थियो । पर्यवेक्षण गरेको ३० जिल्लामध्ये ३ जिल्ला सप्तरी, चितवन र वागलुङ्मा मतगणना उजुरीहरू परेका थिए । मतगणनाको काम पारदर्शी हुने व्यवस्था मिलाइएको थियो । मतगणनाको परिणाम भने कतिपय जिल्लामा समयमा आउन सकेन । मतगणनास्थलको सुरक्षा व्यवस्था सन्तोषजनक थियो ।



स्थानीय तहको यो निर्वाचनमा मतपत्रको डिजाइन जिल्लाका सबै स्थानीय तहका लागि एउटै गर्दा मतपत्रको आकार अत्यन्तै ठूलो हुनगयो। कतिपय वडामा उम्मेदवारको संख्या २० भन्दा कम भएपनि जिल्लाको लागि डिजाइन भएको एउटै मतपत्र प्रयोग गर्नुपर्दा र कतिपय उम्मेदवारको निर्वाचन चिन्ह र मत सङ्केत गर्ने कोठा ज्यादै स्यानो भएको कारण ठूलो संख्यामा मत बदर हुने आंकलन गरिएको थियो । यसले गर्दा बदर मतको संख्या यो निर्वाचनमा धेरै पुग्न गयो । बदर हुने कारणहरूमा स्वस्तिकको ठाउँमा औंठा छाप, कोठा बाहिर र दुइ कोठाको बीचको लाइनमा छाप, आवश्यक संख्याभन्दा बढीमा मत सङ्केत गरेको र दुइ उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठाको बिचमा छाप आदि रहेको पाइयो । यसभन्दा

पहिले २०७० को संविधानसभाको निर्वाचनमा बदर मत ५ प्रतिशतको हाराहारीमा रहेकोमा हाल तीनै चरणको बदर मतको सरदर प्रतिशतसम्बन्धी जानकारी उपलब्ध नभएपनि दोस्रो चरणको निर्वाचनमा १२.७ प्रतिशत पुगेको देखियो।

तलिका २. राजनीतिक दल र स्वतन्त्र उम्मेदवारको पद अनुसार निर्वाचित संख्या


| क्र. सं. | दल | प्रमुख र अध्यक्ष | उपप्रमुख र उपाध्यक्ष | वडा अध्यक्ष | सदस्य | महिला सदस्य | महिला दलित सदस्य | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नेकपा एमाले | २९४ | ३३१ | २,५६० | ५,४५८ | २,७७६ | २,६७९ | १४,०९८ | ४०.२ |
| २ | नेपाली काङ्ग्रेस | २६६ | २३३ | २,२८६ | ४,४२३ | २,१५७ | २,१०२ | ११,४५७ | ३२.७ |
| ३ | नेकपा माओवादी केन्द्र | १०६ | १११ | १,१०२ | २,०५६ | १,०३६ | १,०३० | ५,४४१ | १५.५ |
| ४ | सङ्घीय समाजवादी फोरम | ३४ | ३२ | २६२ | ५४० | २९० | २८१ | १,४३९ | ४.१ |
| ५ | राष्ट्रिय जनता पार्टी | २५ | ३० | १९५ | ४३७ | २११ | २१४ | १,११२ | ३.२ |
| ६ | फोरम लोकतान्त्रिक | ६ | ५ | ५६ | ११५ | ५६ | ५७ | २९५ | ०.८ |
| ७ | राष्ट्रिय प्रजातन्त्र पार्टी | ५ | ७ | ५९ | १०८ | ५६ | ५० | २८५ | ०.८ |
| ८ | राष्ट्रिय जनमोर्चा | ३ | ४ | ३३ | ७७ | ३५ | ३४ | १८६ | ०.५ |
| ९ | नेपाल लोकतान्त्रिक फोरम | ३ | ४ | ३२ | ६४ | ३१ | ३३ | १६६ | ०.५ |
| १० | नयाँ शक्ति पार्टी | २ | १ | २२ | ४३ | २१ | २१ | ११० | ०.३ |
| ११ | नेपाल मजदूर किसान पार्टी | १ | १ | २२ | ४२ | २० | १३ | ९९ | ०.३ |
| १२ | बहुजन शक्ति पार्टी | | | ८ | १६ | ८ | १० | ४२ | ०.१ |
| १३ | नेपाली जनता दल | २ | | ७ | १६ | ७ | ७ | ३९ | ०.१ |
| १४ | राष्ट्रिय जनमुक्ति पार्टी | | | ३ | ७ | ६ | ४ | २० | – |
| १५ | सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | | | १ | ४ | १ | १ | ७ | – |
| १६ | राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक) | | | २ | ४ | | १ | ७ | – |
| १७ | नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी–लेनिनवादी) | | | १ | १ | १ | १ | ४ | – |
| १८ | नेपाल परिवार दल | | | | | | १ | १ | – |
| १९ | स्वतन्त्र | ६ | ५ | ९१ | ७३ | ३० | २८ | २३३ | ०.७ |
| | जम्मा | ७५३ | ७५३ | ६,७४२ | १३,४८४ | ६,७४२ | ६,५६७ | ३५,०४१ | १००.० |

उपर्युक्त तालिकामा स्वतन्त्रसहित राजनीतिक दल अनुसार निर्वाचित उम्मेदवारहरूको संख्या प्रस्तुत गरिएको छ। मुलुकमा कायम ७५३ स्थानीय तहमा निर्वाचित प्रतिनिधिहरूको संख्या ३५,२२१ रहे तापनि प्रथम र दोस्रो चरणको निर्वाचनमा केही दलित महिला सदस्यको पद रिक्त रहेकाले हाल स्थानीय तहमा निर्वाचित प्रतिनिधिहरूको संख्या ३५,०४१ रहन गएको हो।

यो निर्वाचनमा भागलिने दलहरूको संख्या ४३ रहेको थियो। विभिन्न ४३ राजनीतिक दल र स्वतन्त्र उम्मेदवारहरूले पाएका कूल सदर मतको विवरण तालिका ३ मा प्रस्तुत छ। विभिन्न ४३ राजनीतिक दलहरूमध्ये ७ ले मात्र १ प्रतिशत भन्दा बढी मत ल्याउन सफल भएको देखिन्छ। यसको विवरण तालिका ३ मा दिइएको छ।

तालिका ३. प्रमुख राजनीतिक दलहरूले पाएका कूल मतको विवरण

| क्र. सं. | दलहरूको नाम | पाएको मत संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | नेकपा (एमाले) | ३०,६४,५४० | ३३.६ |
| २. | नेपाली काङ्ग्रेस | २९,८२,२४० | ३२.७ |
| ३. | नेकपा (माओवादी केन्द्र) | १६,०२,४४० | १७.६ |
| ४. | सङ्घीय समाजवादी फोरम | ३,८६,७८४ | ४.२ |
| ५. | राष्ट्रिय प्रजातन्त्र पार्टी | २,९०,१५६ | ३.२ |
| ६. | राष्ट्रिय जनता पार्टी | २,५१,६१६ | २.८ |
| ७. | मधेशी जन अधिकार फोरम | १,२४,६५४ | १.४ |
| ८. | स्वतन्त्र | १,१९,७३० | १.३ |
| ९ | अन्य दलहरू | ३,०४,५३४ | ३.३ |
| | कूल सदर मत | ९१,२६,६९४ | १००.० |



## ५.४. महिला सहभागिता र लैङ्गिक सम्वेदनशीलता

नेपालको संविधान २०७२ ले स्थानीय तहको वडामा महिलाको प्रतिनिधित्व न्युनतम् ४० प्रतिशत तोकेको छ। यस अतिरिक्त नगरपालिकाको प्रमुख वा उप–प्रमुखमध्ये एक र गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्षमध्ये एकमा महिला हुनैपर्ने व्यवस्था गरेकोले यो तहमा पनि महिलाको उपस्थिति हुने निश्चित छ। यो व्यवस्थाका कारण दलित महिलाको उपस्थिति पनि अभूतपूर्व रुपमा बढेको छ। नयाँ संविधानको यो व्यवस्थाबाट पहिलो संविधानसभामा ३३ प्रतिशत महिलाहरुको प्रतिनिधित्व भएकोभन्दा बढी प्रतिनिधित्व सुनिश्चित गरेको छ। यो व्यवस्थाको कारण यो निर्वाचनमा स्थानीय तहमा महिलाहरूको प्रतिनिधित्व १४,३५३ अथवा ४१.० प्रतिशत पुगेको छ।

संविधानले गरेको यस्तो व्यवस्थाका कारण स्थानीय तहको यो निर्वाचन अभियानमा महिलाको उल्लेखनीय सहभागिता रह्यो। निर्वाचन प्रचार–प्रसार कार्य तथा मतदान केन्द्र पनि महिलामैत्री थिए। मतदानको व्यवस्थापन र परिचालनमा लैङ्गिक सन्तुलन राम्रो रह्यो। मतदानस्थलमा महिला र पुरुषका लागि बेग्ला–बेग्लै लाइन र केही अपवादबाहेक महिलाका लागि बेग्लै शौचालयको व्यवस्था गरिएको थियो। निर्वाचनमा परिचालन भएका कर्मचारीहरुमा यथासम्भव समावेशी बनाइएको थियो।

## ५.५. आम सञ्चार माध्यम

आमसञ्चार माध्यमले निर्वाचन स्वतन्त्र, स्वच्छ, निष्पक्ष, पारदर्शी र विश्वसनीय ढङ्गबाट सम्पन्न गर्न निर्वाचनसम्बन्धी सूचना र समाचार सम्प्रेषण गर्दा पक्षपात नगरी वस्तुनिष्ठ ढङ्गले सम्प्रेषण गरेको पाइयो। निर्वाचनपूर्व, निर्वाचनको दिन र निर्वाचनपछि निर्वाचनसम्बन्धी समाचार र समाचारमूलक सामग्रीलाई आम सञ्चार माध्यमले उच्च प्राथमिकताकासाथ स्थान दिएको थियो। निर्वाचन अभियानको सम्पूर्ण अवधिमा आमसञ्चार माध्यमको स्वतन्त्रताको पूर्ण उपयोग भयो। एकातिर राष्ट्रिय आम सञ्चार माध्यमको यस्तो भूमिका रह्योभने केही स्थानीय विशेषगरी एफएम रेडियो निष्पक्ष हुनसकेको पाइएन। उदाहरणका लागि बाँके स्थानीय एफएम रेडियोले कुनै एकको पक्षमा खुलेरै भोट मागेको देखियो।

निर्वाचन पर्यवेक्षणमा जनताको अभिमत बुझ्न प्रश्नावलीको माध्यमबाट जम्मा ३,६३८ मतदातालाई सोधिएकोमा २८.६ प्रतिशत मतदाताले स्थानीय तहको निर्वाचनमा मत दिनुपर्छ भन्नेबारे जानकारी सञ्चार माध्यमबाट पाएको कुरा बताए। यस अतिरिक्त २३.९ प्रतिशत मतदाताले दल र उम्मेदवारका प्रचार–प्रसार सामग्रीबाट निर्वाचनमा भागलिन प्रेरित गरेको बताए।

## ५.६. निर्वाचन उजुरी

सरकारले निर्वाचन स्वच्छ, निष्पक्ष र विश्वसनीय ढङ्गबाट सम्पन्न गर्न निर्वाचन आचार संहिता (संशोधन सहित), २०७२ लागू गरेको छ। आचार संहिता उल्लङ्घनका विषयमा कारवाही र जरिवाना गर्नसक्ने व्यवस्था निर्वाचन (कसूर तथा सँजाय) ऐन, २०७३ मा गरिएको छ। साथै, आचार संहिताको कार्यान्वयनहेतु निर्वाचन आयोग ऐन, २०७३ ले आचार संहिता उल्लङ्घन भए नभएको सम्बन्धमा जाँचबुझ गर्न, उल्लङ्घन भएको देखिएमा त्यस्तो काम रोक्न वा बदर गर्न आदेश दिनसक्ने, दिएको आदेश बमोजिम काम कारवाही नरोक्नेलाई जरिवाना गर्नसक्ने र उल्लङ्घन गरेको कारणबाट निर्वाचन स्वतन्त्र, स्वच्छ र धाँधलीरहित तवरबाट हुननसक्ने भएमा उम्मेदवारको उम्मेदवारी रद्द गर्नसक्ने अधिकारको व्यवस्था गरेको छ। परेका अधिकांश उजुरीहरु मतदान प्रक्रिया कानून सम्मत नभएको, मतदान प्रक्रियामा धाँधली भएको, वास्तविक मतदाताले मतदान गर्न नपाएको, मतदान अधिकृत र सुरक्षा निकायले कानून सम्मत काम गर्न नसकेको, मतगणनामा धाँधली भएको जस्ता विषयहरु समावेश भएका छन्। स्थानीय तहको निर्वाचनमा निर्वाचन आयोग आचार संहिता पालना गराउन केही सक्रिय रहेको पाइएपनि समग्रमा प्रभावकारी कारवाही हुन सकेन। कतिपय कारवाही स्पष्टीकरण सोध्ने र यस्ता काम कारवाही फेरी नदोहोर्‍याउने उम्मेदवारको प्रतिबद्धतामा सीमित रह्यो।

भरतपुर नगरपालिकाको वडा नं ४ र ७ को मतगणना परिणामको घोषणा गरिएपछि सो मत परिणाममा चित्त नबुझ्ने उम्मेदवारले सो परिणामको विरुद्धमा उच्च अदालत पाटन, हेटौडा ईजलासमा उजुरी दिएको जानकारीमा आयो। साथै, भरतपुर महानगरपालिका वडा नं १९

को मतगणना हुदै गर्दा १४ जेष्ठ, २०७४ को रातिको ११.४५ बजेको समयमा सो वडाको गन्ती गर्न बाँकीरहेको केही मतपत्र दलका मतगणना प्रतिनिधिहरूले च्यातेको घटना उपर उजुरी परेकोमा निर्वाचन आयोगले पुनः मतदान गर्ने आदेश दिएको थियो। सो आदेशउपर रिट निवेदन परी सर्वोच्च अदालतबाट पुनः मतदानगर्ने फैसला भई पुनः मतदान र मतदानको परिणाम समेत आइसकेको छ।

## ५.७. निर्वाचन पर्यवेक्षण समन्वय

स्थानीय तहको यो निर्वाचनमा निर्वाचन आयोगले राष्ट्रियस्तरका पर्यवेक्षण गर्ने संस्थाहरुलाई मात्र पर्यवेक्षणका लागि अनुमति प्रदान गरेको थियो। दोस्रो चरणमा आएर इच्छुक स्थानीय कूटनीतिक संस्थाहरूलाई भने अनुमतिको व्यस्था आयोगले गरेको जानकारीमा आयो।

पर्यवेक्षणमा दोहोरोपन नहोस् र अधिकतम् निर्वाचन केन्द्रहरूको पर्यवेक्षण हुनसकोस भन्ने उद्देश्यले जियोक, नियोक र संकल्प नेपालबीच समन्वय र सहकार्य भयो। यो कार्यमा एन. डी. आई. (नेशनल डेमोक्र्याटिक इन्स्टिच्युट) को प्राविधिक सहयोग रहेको थियो। तीनवटै संस्थाको समन्वयमा पर्यवेक्षणका लागि प्रश्नावली निर्माण गर्ने र यसलाई आधार मानेर आ–आफ्नो प्रश्नावली तयार गर्ने सहमति भयो। यसको अतिरिक्त समय समयमा अन्य पर्यवेक्षण संस्थाहरूसँग पनि समन्वयका लागि बैठकहरू भएका थिए। यो निर्वाचनमा पहिलो पटक निर्वाचनपूर्व र निर्वाचनपछि संयुक्त पत्रकार सम्मेलन आयोजना गरी जानकारी सार्वजनिक गरिएको थियो। जियोकबाट यो निर्वाचनमा ३० जिल्लामा ७०० पर्यवेक्षक परिचालन गरिएको थियो।

पर्यवेक्षण कार्यमा मतदान अधिकृतहरूबाट सदाझैं सहयोग प्राप्त भएको थियो । निर्वाचन केन्द्रमा प्रवेशमा त्यति समस्या पनि भएन। तर कतिपय स्थानमा भने हाम्रा पर्यवेक्षकलाई मतदान अधिकृतबाट अनुरोध गरिएका आवश्यक जानकारी र सूचना प्राप्त भएन। यसका साथै एउटा गाउँपालिकाको मतगणनास्थलमा सुरक्षामा तैनाथ प्रहरी निरीक्षकले पत्रकार तथा पर्यवेक्षकप्रति सम्मानजनक व्यवहार नगरेको, राजनीतिक आस्थाको आधारमा पत्रकार र अन्य व्यक्तिहरूलाई विभेदपूर्ण व्यवहार गरेको र मतगणनाको परिणाम मतगणनास्थलबाट आधिकारिक रुपमा घोषणा हुनु पूर्वनै निजले अन्यत्र सम्प्रेषण गर्नेगरेको तर सो परिणामबारे जानकारी माग्ने पत्रकार र पर्यवेक्षकलाई निजले अभद्र व्यवहार गरेको जानकारीमा आयो। यसो हुनुमा निर्वाचनमा खटिएका कर्मचारीहरूमा पर्याप्त संयमको अभाव रहेको अनुमान गर्न सकिन्छ।

नेपाली जनताले करिव सात दशक पहिले सुरुगरेको लोकतान्त्रिक आन्दोलन र त्यसपछिको जन आन्दोलन र सशस्त्र सङ्घर्षको फलस्वरुप गठन भएको जनताको प्रतिनिधि संविधानसभाबाट जारी नेपालको संविधान २०७२ ले देशमा सङ्घीय शासन व्यवस्था स्थापित गर्‍यो। स्थानीय तहको यो निर्वाचन नेपालको संविधान कार्यान्वयनको पहिलो एवम् महत्वपूर्ण पाइला हो। वैशाख ३१, २०७४ मा सुरुभएको यो निर्वाचन तीन चरणमा २०७४ असोज २ मा शान्तिपूर्वक सम्पन्न भयो। निर्वाचनमा सरकारी कर्मचारीहरुले आफ्नो दायित्व कुशलतापूर्वक निर्वाह गरे। निर्वाचनमा सुरक्षाको राम्रो व्यवस्थाका कारण मतदानमा जनताको अधिकतम सहभागिता सुनिश्चित गर्न मद्दत गर्‍यो। निर्वाचनविरोधी समूहबाट गराइएका बम विष्फोटन, सवारी साधन तोडफोड र बन्दका केही घटनाका कारण जनतामा केही मात्रामा त्रास भए पनि निर्वाचनमा मतदाताको अभूतपूर्व सहभागिता रह्यो। बीस वर्षपछि हुनगएको निर्वाचनका लागि आतुर जनतामा निर्वाचनप्रति रहेको चाहना र विश्वासले पनि ठूलो काम गर्‍यो। विभिन्न राजनीतिक दल र तिनका कार्यकर्ताहरु आ–आफ्ना प्रचारका क्रममा भएका केही छिटपुट हिंसाका घटना बाहेक उम्मेदवार र तिनका कार्यकर्ताहरू स्वस्थ प्रतिस्पर्धामा लागेको पाइयो। जियोकले पर्यवेक्षण गरेका ३० जिल्लाका १,५५० मतदान केन्द्रमा केही अपवादबाहेक मतदान स्वच्छ र स्वतन्त्ररुपमा सम्पन्न भयो। निर्वाचनमा दलहरू आचारसंहिता पालनामा उत्तरदायी नहुँदा व्यापक मात्रामा भएको आचारसंहिता उलङ्घनका घटनामा आयोगको कारवाही प्रभावकारी नभएपनि निर्वाचन आयोग स्वतन्त्र र निष्पक्ष रुपमा निर्वाचन सम्पन्न गर्न सफल रह्यो।

# निष्कर्ष र सुझाव

## ६.१. मतदाता नामावली सङ्कलन र मतदाता परिचयपत्र

निर्वाचन आयोगले फोटोसहितको मतदाता नामावली अपडेट गर्ने र मतदाता परिचयपत्र वितरणबाट मतदान धेरै सहजमात्र होइन निर्वाचनमा फर्जि मतको प्रयोग निरुत्साहन गर्नमा ठूलो सहयोग पुगेको विगतका निर्वाचनहरूबाट स्पष्ट भइसकेको छ। तथापि, जियोकले पर्यवेक्षण गरेका जिल्लाका प्राय सबै निर्वाचन केन्द्रहरूमा यस पटक पनि मतदाता नामावलीमा प्रसस्तै त्रुटि र नामावली र परिचयपत्रबीच तालमेलको अभाव भने देखियो। निर्वाचन पर्यवेक्षणको सिलसिलामा मतदाता नामावलीमा देखिएका त्रुटि र कमी कमजोरीहरू जियोकका विगतका प्रतिवेदनहरूमा पनि औंल्याइएका थिए। यस्ता कमी कमजोरीहरूबाट मतदाताले अनावश्यक दुःखमात्र होइन कतिपय मतदाता मतदानजस्तो नागरिक अधिकारको प्रयोगबाट वंचित हुनुपर्ने हुन्छ। जियोकले पर्यवेक्षण गरेको ३० जिल्लामा मतदातासूचीमा नाम नभएको कारण २४० मतदाता मतदानबाट वञ्चित हुनपुगे। यस्तो हुनुमा मतदाताको कमजोरी पनि हो। तथापि, मतदाता नामावलीलाई दुरुस्त बनाउने काममा आयोग मतदाताप्रति उत्तरदायी नहुँदा जनताको नागरिक अधिकारको प्रयोगमा बाधा पुग्नगएको देखियो। यसका अतिरिक्त पर्यवेक्षणको क्रममा कतिपय व्यक्ति परिचयपत्र नभएको कारणले मात्र पनि मतदानबाट वञ्चित हुनुपुगे। मतदाता नामावलीमा नाम भएकाहरूले अन्य कुनै परिचय खुल्ने प्रमाण दिएमा मतदान गर्नसक्ने व्यवस्थाबारे सबै मतदान अधिकृतहरूमा जानकारी नभएको पनि पाइयो।

## ६.२. मतदाता शिक्षा

जिल्लाको लागि एउटै मतपत्र भएकोले नगरपालिका र गाँउपालिकाका सम्बन्धित वडाका उम्मेदवारको नाम अनुसारको निर्वाचन चिन्हमात्र राखी डिजाइन गर्नुपर्नेमा सो हुननसकेका कारण मतपत्र ज्यादै लामो हुनगएकोले औसत मतदातालाई मतदान सहज हुन सकेन। आयोगले यो विषयलाई गम्भिरताकासाथ लिई समावेशी मतदान प्रक्रियाकाबारेमा जानकारी दिने उद्देश्यले विभिन्न कार्यक्रमका अतिरिक्त मतदाताका घरदैलोसम्म मतदाता शिक्षा स्वयंसेवक टोली खटाएको पनि हो। तथापि, यसको प्रभाव मतदानमा परेको देखिएन। मतदानका लागि लाम लागुन्जेलसम्म पनि मतदाता मत कसरी दिने भनी दुविधामा नै रहेको पाइयो।

मतदातालाई मत सङ्केत गर्दा कस्तो महसुस गर्नुभयो भन्ने प्रश्नमा ५० प्रतिशतभन्दा बढी मतदाताको मतदानमा अलमल र बढी समय लाग्यो भन्ने प्रतिक्रियाबाट मतदाता शिक्षा कमजोर रहेको देखिन आयो। यो विषयमा मतदान अधिकृतलाई प्रश्न गर्दा मतदातामा निर्वाचन प्रणाली र मतदान प्रक्रियाबारे जानकारीको कमी भएको भने। यो विषय पहिलो दुइ चरणको निर्वाचनमा बदर मतको प्रतिशत १२.७ ले पुष्टि हुन्छ।

## ६.३. निर्वाचन व्यवस्थापन र मतदान

संविधान जारीभएदेखि मधेशकेन्द्रित दलहरूको संविधानप्रतिको विमतिका कारण स्थानीय तहको निर्वाचनको मिति सरकारले समयमै तोक्न सकेन। मधेशकेन्द्रित दलहरूलाई निर्वाचनमा सहभागी गराउने उद्देश्यले सरकारले मिति तोक्न ढिलाई गर्दा र तोकिएको मिति पनि सार्दै जाँदा आयोगलाई निर्वाचन तयारीका लागि आवश्यक न्युनतम समय पुगेन। निर्वाचनमा मधेसकेन्द्रित दलहरूको सहभागिता सुनिश्चितगर्न प्रदेश–२ मा मतदाता नामावली सङ्कलनको थप कार्यक्रमका अतिरिक्त निर्वाचन प्रक्रिया सुरुभएपछि पनि स्थानीय तहको

संख्या बढाइयो। यसले गर्दा निर्वाचन तयारीका लागि आयोगलाई समय कम भएको हो। तथापि, आयोगले निर्वाचनलाई एउटा चुनौतिकै रुपमा स्वीकार गरी सफलतापूर्वक सम्पन्न गरेको छ।

मतदानलाई सरल र मतदाता–मैत्री बनाउन मतदान केन्द्रभित्र आवश्यक सङ्केतहरू, महिला र पुरुषका लागि अलग अलग लाइन र दृष्टिविहीन र अशक्त मतदाताको प्रवेशका लागि गरिएको व्यवस्था समग्रमा उपयुक्त रहेको पाइएको छ। यो निर्वाचनमा आयोगले जम्मा १८,५७२ मतदान केन्द्रको व्यवस्था गरेको थियो। यो संख्या २०७० मा भएको दोस्रो संविधानसभाको १८,७७५ केन्द्रभन्दा २०३ ले कम देखिन्छ। एकातिर मतदाताको संख्या बढ्नु र अर्कोतिर मतदान केन्द्रको संख्या घट्नुले केही केन्द्र मतदाताका लागि अपायक भन्ने भनाइ रह्यो। पर्यवेक्षणको क्रममा मतदान अधिकृतहरुलाई मतदान सञ्चालन गराउन कतिको सहज भयो भनी सोधिएकोमा केही मतदान अधिकृतहरुले सहज भएन भने र कारणमा कर्मचारीमा प्रशिक्षणको कमी, कर्मचारीको संख्या अपर्याप्त, व्यवस्थापन खर्चको कमी, सुरक्षा व्यवस्थामा कमी भन्ने उत्तर आयो। कुनै कुनै मतदान केन्द्रमा श्रेणीविहीन कर्मचारी खटिएका कारण उनिहरूमा निर्वाचनसम्बन्धी पर्याप्त ज्ञानको अभावले मतदान व्यवस्थापनमा असर गरेको जानकारीमा आयो। पहिलो र दोस्रो चरणका निर्वाचनताकाको मौसम गर्मी र वर्षातको ख्याल नगरी त्रिपाल आदिको व्यवस्थामा ध्यान पुग्ननसकेकोले मतदाताले ठूलो समस्या भोग्नु परेको देखियो।

## ६.४. निर्वाचन आचारसंहिता

तीन चरणमा सम्पन्न यो निर्वाचनमा दल तथा उम्मेदवारहरूबाट प्रचार–प्रसार र खर्चको सीमासम्बन्धी आचारसंहिताको उल्लङ्घन निर्वाचनको चरणसँगै बढेर गएको देखियो। पहिलो चरणको निर्वाचन भरतपुर महानगरपालिका बाहेक अन्य जिल्लाहरूमा सामान्यतः स्वच्छ रुपमा सम्पन्न भयो। दोस्रो चरणमा आइपुग्दा विशेषगरी तराईका जिल्लाहरूमा तीन मुख्य दलहरूमा को पहिलो हुने प्रतिस्पर्धाका कारण प्रचार–प्रसार र चुनावमा खर्चको परिधि अविश्वसनीय रुपले बढेको पाइयो। तेस्रो चरणमा आइपुग्दा राष्ट्रिय जनता पार्टीको सहभागिताले प्रमुख दलहरूमा प्रतिस्पर्धामात्र होइन प्रतिष्ठाको प्रश्नले पनि ठूलो स्थान लियो। विशेषगरी महानगरपालिका र उप–महानगर पालिका क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धाका कारण चुनाव खर्चले सीमा उलङ्घन गरेको देखियो। वास्तवमा उम्मेदवारी नै मनि र मसल्स पावरमा आधारित हुनपुग्यो। तेस्रो चरणमा पनि आचारसंहिताको पालनामा दलहरू जवाफदेही हुनसकेको पाइएन। चारमध्ये एक मतदाताको विचारमा उम्मेदवारले आंशिक मात्रामा पालना गरे। त्यसैगरी १७ दलका २५४ कार्यकर्तालाई यो प्रश्न सोधिएकोमा तीनमध्ये दुइले आचार संहिता पालनाको अभावमा निर्वाचन स्वतन्त्र भएन भने।

कतिपय स्थानमा आचारसंहिता उलङ्घनका घटनाहरूमा प्रमुख निर्वाचन अधिकृतको कार्यालयको सकृयताबाट कारवाही भए। कतिपय जिल्लाहरूमा आचारसंहिता उलङ्घन गरी टाँसिएका पोष्टर, टाँगिएका झन्डा प्रहरी र अन्य कर्मचारी लगाई हटाइएको, उलङ्घनका मौखिक उजुरीहरूबारे प्रमुख जिल्ला अधिकारी र प्रहरीमार्फत समाधान गरिएको, केही स्थानमा उलङ्घनका घटनाहरूमा स्पष्टिकरण मागिएको पाइयो। तर निर्वाचन कसूर तथा सजायसम्बन्धी ऐन बमोजिम जरिवाना गरिएको भने जानकारीमा आएन। उलङ्घनका यस्ता घटनाहरू दोहोरिनै रह्यो। उलङ्घनको मात्राको तुलनामा कारवाही न्यून देखियो।

आचारसंहिता पालनामा मतदान केन्द्रका कर्मचारीहरूको कमजोरी पनि सतहमा आयो। मतदान केन्द्रमा खटिइगएका केही कर्मचारी उम्मेदवारसँग बसेर फोटो खिचाएको, राती होटलमा उम्मेदवारसँग बसी खाजा खाएको, मतदानस्थलभित्र उम्मेदवारसँग हात मिलाउने लगायतका उजुरीपरेकामा त्यस्ता कर्मचारीहरूलाई सम्बन्धित मतदान केन्द्रबाट फिर्ता गरी अर्को कर्मचारी पठाइएको जानकारीमा आयो।

## ६.५. सुरक्षा व्यवस्था

पहिलो चरणको निर्वाचन हुनुभन्दा पहिलेदेखि नै निर्वाचन बिथोल्ने माओवादी विप्लव समूहको धम्कीका कारण विशेषगरी सदरमुकाम भन्दा बाहिर गाउँहरूमा उम्मेदवार र जनतामा केही मात्रामा त्रासको स्थिति रहेको थियो। सरकारले निर्वाचनविरोधी गतिविधि गर्नसक्ने माथि निगरानी बढाउन र निर्वाचनको विरोधमा संलग्नलाई तुरुन्त पक्राउ गर्न सर्कुलर जारी गरी सुरक्षा व्यवस्था कडा पारेको थियो। कतिपय जिल्लाहरूमा निर्वाचनविरोधी गतिविधिमा लाग्नसक्ने र निर्वाचनको विरोधमा संलग्न भएको आरोपमा माओवादी विप्लब समूहका

कार्यकर्ता पक्राउ गरिएको थियो भने आपराधिक पृष्टभूमिका केही व्यक्तिहरूलाई पनि पक्राउ गरिएको थियो। यस बाहेक निर्वाचनमा सहभागी दलहरूबाट नै बुथ क्याप्चर जस्ता घटना पनि भएको जानकारीमा आएको हो। यस्ता घटना विगतदेखि केही ठाउँमा हुँदै आएको भए तापनि यस्ता घटना रोक्न सकिएको भने देखिएन। तीन चरणमा सम्पन्न स्थानीय तहको निर्वाचनका लागि सरकारले गरेको सुरक्षा व्यवस्था केही जिल्लामा भएका छिटपुट घटना बाहेक समग्रमा सन्तोषजनक रह्यो। सुरक्षाको कडा व्यवस्था र बीस वर्षपछि भएको स्थानीय तहको निर्वाचनमा मतदानगर्न आतुर जनताको अठोटका कारण निर्वाचनमा जनताको सहभागिता उल्लेख्य मात्रामा रह्यो।

## ६.६. राजनीतिक हिंसा

यो निर्वाचन केही अपवादबाहेक हिंसारहित सम्पन्न भयो। यस पल्टको निर्वाचनमा दलहरूबीच तालमेलका कारण केही स्थानमा दलका स्थानीय कार्यकर्ताहरूमा असन्तुष्टी रहेकोले पनि स्थानीय तहमा राजनीतिक हिंसाका केही घटना घटेको पाइयो। अर्को दलको निर्वाचन चिन्हबाट उठेका एकजना स्थानीय नेता आफ्नै दलका कार्यकर्ताहरूद्वारा कुटिए।

## ६.७. महिला प्रतिनिधित्व

नेपालको शासन व्यवस्थामा कार्यकारीको रुपमा महिलाको उपस्थिति नगण्य मात्रामा रहेको पृष्ठभूमिमा नेपालको संविधान २०७२ समावेशी प्रतिनिधित्वको दृष्टिकोणले एउटा बहुतै महत्वपूर्ण पाइला हो। यसले स्थानीय तहको वडामा महिलाको प्रतिनिधित्व न्युनतम् ४० प्रतिशत पुऱ्याएको छ। यस अतिरिक्त नगरपालिकाको प्रमुख वा उप–प्रमुखमध्ये एक र गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्षमध्ये एकमा महिला हुनैपर्ने व्यवस्था गरेकोले यो तहमा पनि महिलाको थप उपस्थिति हुने निश्चित छ। यो व्यवस्थाको कारण यो निर्वाचनमा स्थानीय तहमा महिलाहरूको प्रतिनिधित्व १४,३५३ अथवा ४१.० प्रतिशत पुगेको छ। यसका साथै यो संविधानले कार्यकारीमा दलित महिलाको उपस्थिति पनि सुनिश्चित गरेको छ। संविधानले गरेको यस्तो व्यवस्थाका कारण स्थानीय तहको यो निर्वाचन अभियानमा महिलाको उल्लेखनीय सहभागिता रह्यो।

## ६.८. निर्वाचन पर्यवेक्षणमा समन्वय

स्थानीय तहको यो निर्वाचनमा निर्वाचन आयोगले राष्ट्रियस्तरका पर्यवेक्षण गर्ने संस्थाहरुलाई मात्र पर्यवेक्षणका लागि अनुमति प्रदान गरेको थियो। निर्वाचन पर्यवेक्षण कार्यलाई व्यवस्थित, अधिकतम् कभरेज र प्रभावकारी बनाउने उद्देश्यले जियोक, नियोक र संकल्प नेपालबीच समन्वय र सहकार्यको लागि पहिलो पटक एउटा औपचारिक व्यवस्था भयो। यो कार्यमा एन.डी.आई. (नेशनल डेमोक्याटिक इन्स्टिच्युट) को एउटा समन्वयकारी भूमिका रह्यो। तीनवटै संस्थाको समन्वयमा पर्यवेक्षणका लागि नमूना प्रश्नावली निर्माण गर्ने काम भयो। यो समन्वयको मुख्य उद्देश्य पर्यवेक्षणमा दोहोरोपन नहोस् र बढी भन्दा बढी निर्वाचन केन्द्रहरूको पर्यवेक्षण हुनसकोस भन्ने रहेको थियो।

मतदानस्थलको व्यवस्थापन र मतदान प्रक्रियाबारे सुरुदेखि अन्त्यसम्मको विस्तृत जानकारी लिन मतदान केन्द्रमा पर्यवेक्षकको व्यवस्था गरिएको हुन्छ। केही अपवाद बाहेक पर्यवेक्षकले मतदान प्रक्रियाका सबै पक्षहरू राम्रोसँग हेर्न पाए। कर्मचारीहरूबाट पर्यवेक्षकले राम्रो सहयोग पाए भने कुनै कुनै स्थानमा मतदान अधिकृतले पर्यवेक्षकले सोधेका प्रश्न र जिज्ञासाका उत्तर दिन नचाहेको पनि पाइयो। कुनै कुनै स्थानमा पर्यवेक्षकलाई प्रवेशमा रोक लागेकोमा पछि प्रवेश पाइएको जानकारीमा आयो।

## ६.९. सुझावहरु

निर्वाचन आयोग, नेपाल सरकार, राजनीतिक दलहबीच निर्वाचन खर्च, निर्वाचन प्रणाली र पर्यवेक्षणमा समन्वय सम्बन्धमा प्राथमिकताकासाथ व्यापक छलफल, चिन्तन गरी सुधार गर्नुपर्ने विषयहरु देहायमा प्रस्तुत गरिएको छः–

### ६.९.१. निर्वाचन आयोग

- यो निर्वाचनमा बदर मतको प्रतिशत ज्यादै बढी रह्यो। यसबाट नागरिक अभिमत खेरगएको छ। यस्तो स्थिति नागरिक हकको प्रयोगको दृष्टिकोणले स्वीकार्य होइन। आगामी निर्वाचनमा मतपत्रको डिजाइनमा गर्नुपर्ने सुधारका विषयमा आयोगको ध्यान प्राथमिकताकासाथ आकर्षित हुनु पर्दछ।
- बदर मतसँग जोडिएको अर्को विषय हो मतदाता शिक्षा। स्थानीय तहको निर्वाचनमा भएको बदर मतको संख्यालाई दृष्टिगत गरी मतदाता शिक्षा कार्यक्रम अझ बढी प्रभावकारी बनाउनु पर्दछ। आयोगको अगुवाइमा नागरिकलाई सचेत गराउन सञ्चार माध्यम, नागरिक समाज र राजनीतिक दलहरुबीच सहकार्यमा जोड दिनु पर्दछ।
- जिल्लास्थित निर्वाचन कार्यालयको क्षमता वृद्धि गरी मतदाता नामावली सङ्कलन त्रुटिमुक्त बनाउन आवश्यक पूर्वाधारहरु बनाउनु पर्दछ। यो विषय प्रजातन्त्रको पुनर्वहालीपछिका निर्वाचन पर्यवेक्षण प्रतिवेदनहरुमा लगातार प्रथामिकताका साथ आएकोमा सुधारतर्फ उचित ध्यान पुग्नसकेको छैन।
- यो निर्वाचनमा पनि कतिपय मतदान केन्द्र मतदातालाई अपायक भन्ने विषय प्रमुखताका साथ उठेको पाइयो। दुर्गम क्षेत्रमा मतदाताको संख्या भन्दा पनि दुरीलाई बढी वजन दिई मतदान केन्द्रको स्थापना भएमा उपयुक्त हुन्छ।
- आचार संहिता उलङ्घन तत्काल रोक्नु परेमा निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालयले कुनै काम गर्न वा नगर्न दिएको आदेशको कार्यान्वयन र अनुगमन गर्ने कार्यमा जिल्ला निर्वाचन कार्यालय, स्थानीय प्रशासन र प्रहरीको ठूलो भूमिका रहेकोले यी निकायहरुलाई आवश्यक मात्रामा बजेटको व्यवस्था सहित यी संस्थाहरुमा क्षमता वृद्धि गरिनु पर्दछ। आचार संहिता पालनाका लागि उलङ्घनका घटनामा तत्कालै कारवाही र जरिवाना गर्ने उपाय प्रभावकारी हुने भएकोले यसतर्फ आयोगले ध्यान दिनु आवश्यक छ।
- निर्वाचन आयोगको काम निर्वाचन सम्पन्न गर्नु मात्र नभई कानून सम्मत गराउनु पनि प्रमुख दायित्व भएको हुँदा जसरी पनि निर्वाचन सम्पन्न गर्नुपर्छ भन्ने मानसिकताबाट माथि उठी कानून सम्मत गराउन सक्षम हुन पर्दछ।
- मतदान केन्द्रमा खटिने सबै कर्मचारीहरुलाई मतदानका सम्पूर्ण प्रक्रिया र कार्यविधिबारे पर्याप्त तालिम दिनु पर्दछ। निर्वाचनमा श्रेणीविहीन तहका कर्मचारी खटाउन नहुने। अपर्याप्त तालिमको सवाल २०४८ देखि नै पर्यवेक्षण प्रतिवेदनले प्रमुख रुपमा उठाउँदै आएको विषय हो।
- मतपत्रमा औंठाछाप लगाउने, मसीले मतपत्र लतपत पार्ने र स्वस्तिक छापको मसी तुरुन्तै नसुक्ने भएकोले पनि बदर मतमा कमी ल्याउन मतपत्रमा "प्रिइन्क" छापको प्रयोग वा इलोक्ट्रोनिक मतदानबारे आवश्यक तयारी प्रारम्भ गर्नु आवश्यक छ।
- मतदाता परिचयपत्रको व्यवस्थाले निर्वाचन प्रक्रियालाई बढी व्यवस्थित गर्न सहयोग पुग्नुकासाथै निर्वाचनमा धाँधली कम भएको पाइएको छ। मतदाता परिचयपत्र जारी गर्ने कामलाई प्राथमिकताका साथ समयमै सम्पन्न गर्नु पर्दछ। कतिपय स्थानमा परिचयपत्र भएर पनि मतदाता नामावलीमा नाम नभएको कारणले वास्तविक मतदाताहरु मतदानको अधिकारबाट वञ्चित हुनु परेको हालको अवस्थामा सुधार ल्याउनुपर्ने देखिन्छ। यस सिलसिलामा मतदाता नामावली सङ्कलनका विषयमा आयोगबाट प्रभावकारी अनुगमनका साथै स्वतन्त्र रुपमा मतदाता नामावलीको परीक्षणबाट यसमा सुधार ल्याउन प्राथमिकताका साथ लाग्नुपर्ने देखिन्छ।
- भड्किलो निर्वाचन खर्चले समाजमा विकृतिमात्र होइन अन्त्यमा यसले भ्रष्टाचार बढाउन सक्छ। राजनीति सेवा नभएर पेशामा परिणत हुने र उम्मेदवार दलको नीति तथा व्यक्तिगत योग्यता र क्षमतामा आधारित नभएमा लोकतन्त्रको भविष्य शुभ हुने देखिदैन। निर्वाचन खर्चलाई सीमाभित्र राख्ने र यसलाई पारदर्शी बनाउने विषयमा निर्वाचन आयोग, राजनीतिक दल र सरकार गम्भीर हुनु पर्दछ। यस विषयमा राष्ट्रिय मान्यताप्राप्त दललाई राज्यकोषबाट अनुदान दिने व्यवस्थाकाबारेमा गहिरो छलफल आवश्यक छ।
- सबै नागरिकले मतदान गर्न पाउने हकको सुरक्षित गर्न कर्मचारी, सेना, प्रहरी, पर्यवेक्षक सबैलाई समानुपातिक तर्फ मतदान गर्न पाउने व्यवस्था सुनिश्चित गर्नु पर्दछ।

- मतगणनाका क्रममा उम्मेदवारका प्रतिनिधिहरूबाट नै मतपत्र च्यातिएको जस्ता अपराधजनक कार्य दण्डनीय हो । यस्ता कार्य नदोहोरियोस भन्नाका लागि मतगणनास्थल सुरक्षित र व्यवस्थित गर्नुपर्ने देखिन्छ।

## ६.९.२. नेपाल सरकार

- बुथ कब्जा जस्ता घटना रोक्न र मतदाताको विना भय, त्रास मतदान गर्ने हकको रक्षाका लागि सुरक्षा व्यवस्था अझ भरपर्दो हुने व्यवस्था गर्नु पर्दछ।
- मतदान सकिएपछि मतपेटिका ढुवानी र भण्डारण ज्यादै सम्वेदनशील भएकोले यसबारे शङ्काको ठाउँ नरहने गरी उपयुक्त व्यवस्था गर्नु पर्दछ। यस विषयमा उच्च पारदर्शिता कायम गरेमा विवाद सिर्जना गर्ने अवस्था रहँदैन। मतपेटिका ढुवानीको योजना बनाउँदा राजनीतिक दलका प्रतिनिधिहरु चाहेमा सँगै आउने व्यवस्था गर्नु पर्दछ।
- आचार संहिता उलङ्घनका घटनाका सम्बन्धमा आयोग वा सम्बन्धित निकायबाट दिइएको आदेशको कार्यान्वयनमा गृह र प्रहरी प्रशासनबाट प्रभावकारी सहयोग उपलब्ध हुनु पर्दछ।
- निर्वाचन खर्चलाई सीमाभित्र राख्ने र यसलाई पारदर्शी बनाउने विषयमा निर्वाचन आयोग, राजनीतिक दल र सरकार गम्भीर हुनु पर्दछ। यस विषयमा राष्ट्रिय मान्यताप्राप्त दललाई राज्यकोषबाट अनुदान दिने व्यवस्थाका बारेमा गहिरो छलफल आवश्यक छ।

## ६.९.३. राजनीतिक दल

- निर्वाचनका हरेक चरण र प्रक्रियामा चनाखो भई सहभागी हुनु पर्दछ।
- आफ्ना कार्यकर्ताहरुबाट आचार संहिता पालना गर्ने गराउने दायित्व राजनीतिक दल वा उम्मेदवारको हुने हुनाले यसको लागि उपयुक्त प्रक्रिया र संयन्त्रको विकास गरी प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ।
- दलका आम्दानी, खर्चको लेखा परीक्षण गर्ने व्यवस्थालाई प्रभावकारी बनाउने। लेखा परीक्षण प्रतिवेदन सार्वजनिक गर्ने। दलले आम्दानी र खर्चको अनुगमन गर्ने संयन्त्रको निर्माण गर्नु पर्दछ।
- दलहरुको आन्तरिक सङ्गठनात्मक संरचना, निर्णय प्रक्रिया र व्यवस्थापनलाई प्रजातान्त्रिकरण गर्नु पर्दछ।
- राजनीतिक हिंसालाई न्यूनिकरण गर्न दलहरुले केन्द्र, जिल्ला र स्थानीय तहमा संयुक्त सञ्जालको सिर्जना गरी आचार संहिता पालना गर्ने, गराउने वातावरण सिर्जना गर्नु पर्दछ।
- राजनीति सेवा नभएर पेशामा परिणत हुने र उम्मेदवार दलको नीति तथा व्यक्तिगत योग्यता र क्षमतामा आधारित नभएमा लोकतन्त्रको भविष्य शुभ हुने देखिदैन। निर्वाचन खर्चलाई सीमाभित्र राख्ने र यसलाई पारदर्शी बनाउने विषयमा निर्वाचन आयोग, राजनीतिक दल र सरकार गम्भीर हुनु पर्दछ। यस विषयमा राष्ट्रिय मान्यताप्राप्त दललाई राज्यकोषबाट अनुदान दिने व्यवस्थाका बारेमा गहिरो छलफल आवश्यक छ।

## ६.९.४. निर्वाचन खर्च

- स्थानीय तहको निर्वाचनमा उम्मेदवारहरूको छनौट गर्दा व्यक्तिको खर्चगर्ने क्षमतालाई हेरियो। यसले इमान्दार र स्वच्छ छवि भएका उम्मेदवार अगाडि आउन नसक्ने स्थितिको सिर्जना हुने अवस्था आयो जुन लोकतन्त्रको लागि राम्रो होइन। निर्वाचनमा अस्वस्थ प्रतिस्पर्धालाई निरुत्साहित गर्न र खर्चलाई तोकिएको सीमाभित्र राख्न दलहरू उत्तरदायी हुनु आवश्यक छ।
- निर्वाचन खर्चलाई सीमाभित्र राख्ने र यसलाई पारदर्शी बनाउने विषयमा निर्वाचन आयोग, राजनीतिक दल र सरकार गम्भीर हुनुपर्दछ। यस विषयमा राष्ट्रिय मान्यताप्राप्त दललाई अघिल्लो निर्वाचनको मतको आधारमा राज्यकोषबाट अनुदान दिने व्यवस्थाका बारेमा सरोकारवालाहरु बीच गहिरो छलफल गरी व्यावहारिक बाटो अपनाउनु उपयुक्त हुने देखिन्छ।।

### ६.९.५. पर्यवेक्षण

- पर्यवेक्षणबाट निर्वाचन स्वतन्त्र र निष्पक्षतापूर्वक भएको कुरा जानकारी हुनाका साथै यसबाट निर्वाचनको विश्वसनीयता स्थापित हुन सहयोग पुग्ने भएकोले मतदान केन्द्रको सम्पूर्ण प्रक्रियाको लगातार जानकारी राख्नुपर्ने हुन्छ । यसका लागि पूरा समय पर्यवेक्षण गर्नु आवश्यक हुन्छ। अतः पर्यवेक्षण कार्यमा दोहोरोपना हटाई निर्वाचन प्रक्रियाको सम्पूर्ण जानकारी हासिल गर्न पर्यवेक्षण गर्ने संस्थाहरुबीच प्रभावकारी समन्वय स्थापित हुने व्यवस्था गर्नु पर्दछ। साथै, पर्यवेक्षकले निर्वाचनको सबै प्रक्रियाको पर्यवेक्षण गर्न पाउने व्यवस्था हुनु पर्दछ।

### ६.९.६. न्यायपालिका

- निर्वाचन सम्बन्धी विवादको लागि न्यायपालिकाले छिटो र छरितो गर्न अदालतले विशेष बेञ्चको व्यवस्थापन गरी छोटो समयमा नै विवादलाई न्याय निरोपण गरी निर्वाचन प्रक्रियालाई अन्तिम रुप दिने वातावरण न्यायपालिकाले गर्नु पर्दछ। जसले गर्दा समयमा नै निर्वाचन सम्पन्न गरी सम्बन्धित निकायको काम निर्वाचित पदाधिकारीबाट कानून सम्मत रुपमा अगाडि बढाउन मद्दत गर्दछ।

अनुसूची १

# पर्यवेक्षणमा संलग्न व्यक्तिहरुको नामावली

## राष्ट्रिय पर्यवेक्षकहरु

| क्र.सं. | नाम | पेशा | ठेगाना |
|---|---|---|---|
| क. नेपाल कानून समाज | | | |
| १. | श्री सजन राम भण्डारी | वरिष्ठ अधिवक्ता | महासचिव, नेपाल कानून समाज |
| २. | श्री कल्याण श्रेष्ठ | पूर्व प्रधान न्यायाधीश | सदस्य, नेपाल कानून समाज |
| ३. | श्री दिपेन्द्र झा | अधिवक्ता | सदस्य, नेपाल कानून समाज |
| ख. नेपाल नागरिक मञ्च | | | |
| ४. | श्री सुनीता मल्ल गुरुङ | समाजसेवी | काठमाण्डौ |
| ५. | श्री तीर्थनारायण सुवेदी | समाजसेवी | बानेश्वर, काठमाण्डौ |
| ६. | श्री तुल्सीराम वली | सहप्राध्यापक, त्रि.वि. | हाडीगाउँ, काठमाण्डौ |
| ग. ग्रामीण विकास प्रतिष्ठान | | | |
| ७. | श्री सुरेन्द्र महत्तो | वरिष्ठ अधिवक्ता, सर्वोच्च अदालत | काठमाण्डौ |
| ८. | श्री शिलु मानन्धर बज्राचार्य | विशेषज्ञ | काठमाण्डौ |
| ९. | श्री शिव कुमार श्रेष्ठ | अधिवक्ता, सर्वोच्च अदालत | सचिव, ग्रामीण विकास प्रतिष्ठान |
| घ. असहाय सेवा केन्द्र, नेपाल | | | |
| १०. | श्री उषा मल्ल पाठक | वरिष्ठ अधिवक्ता, वरिष्ठ उपाध्यक्ष, नेपाल बार एशोसिएसन | काठमाण्डौ |
| ११. | श्री विष्णुमायाँ भुषाल | अधिवक्ता, सर्वोच्च अदालत | काठमाण्डौ |
| १२. | श्री कृष्णा गुरुङ | अधिवक्ता, पोखरा | पोखरा |
| ङ. पूर्व कर्मचारी सेवा परिषद् | | | |
| १३. | श्री सुशीलकान्त झा | पूर्वसचिव, सदस्य, सीएफपीएस | काठमाण्डौ |
| १४. | श्री भरतबहादुर थापा | पूर्व कर्मचारी | काठमाण्डौ |
| १५. | श्री चेतनाथ घिमिरे | पूर्व सहमहान्यायाधीवक्ता | काठमाण्डौ |
| च. नेपाल प्रेस ईन्स्टिच्युट | | | |
| १६. | श्री तीर्थ कोइराला | अध्यक्ष, एनपीआई | काठमाण्डौ |
| १७. | श्री देवराज अर्याल | सदस्य, एनपीआई | काठमाण्डौ |
| १८. | श्री गोकूल पोखरेल | पूर्व अध्यक्ष, एनपीआई | काठमाण्डौ |
| छ. नेपाल नागरिक समाज | | | |
| १९. | श्री रिशभदेव घिमिरे | उपाध्यक्ष, एनसीएस | काठमाण्डौ |
| २०. | श्री डिपी अर्याल | महासचिव, एनसीएस | काठमाण्डौ |

| क्र.सं. | नाम | पेशा | ठेगाना |
|---|---|---|---|
| २१. | श्री लक्ष्मण प्रसाद पराजुली | केन्द्रीय सदस्य, एनसीएस | काठमाण्डौ |
| ज. मधेशी नागरिक समाज | | | |
| २२. | श्री बाबुराम विश्वकर्मा | वरिष्ठ पत्रकार | काठमाण्डौ |
| २३. | प्रा.डा. जाहिद परभेज | प्राध्यापक, त्रि.वि. | रौतहट |
| २४. | श्री देवकिशन मुद्दा | समाजसेवी | बर्दिया |
| झ. फ्रिडम फोरम | | | |
| २५. | श्री हरि विनोद अधिकारी | प्राध्यापक | काठमाण्डौ |
| २६. | श्री कृष्ण प्रसाद सापकोटा | वरिष्ठ पत्रकार | नवलपरासी |
| २७. | श्री टंक पन्त | वरिष्ठ पत्रकार | काठमाण्डौ |
| ञ. मिडिया एड्भोकेसी ग्रुप | | | |
| २८. | श्री गोविन्द दास श्रेष्ठ | निर्वाचन विशेषज्ञ | ललितपुर |
| २९. | श्री जय प्रकाश त्रिपाठी | वरिष्ठ पत्रकार | काठमाण्डौ |
| ३०. | श्री मेनुका बस्नेत विष्ट | पत्रकार | काठमाण्डौ |
| ट. जियोक | | | |
| ३१. | श्री हिमालय शमशेर राणा | अध्यक्ष, जियोक | अध्यक्ष, एनसीएफ |
| ३२. | श्री कोमल प्रकाश घिमिरे | वरिष्ठ अधिवक्ता, सर्वोच्च अदालत | अध्यक्ष, नेपाल कानून समाज |
| ३३. | श्री माधव प्रसाद घिमिरे | पूर्व कर्मचारी सेवा परिषद् | काठमाण्डौ |
| ३४. | श्री सविता भण्डारी बराल | वरिष्ठ अधिवक्ता, महासचिव, असहाय सेवा केन्द्र, नेपाल | काठमाण्डौ |
| ३५. | श्री चिरञ्जिवि खनाल | प्राध्यापक, नेपाल प्रेस ईन्स्टिच्युट | काठमाण्डौ |
| ३६. | श्री सुनीता रेग्मी | वरिष्ठ अधिवक्ता, कोषाध्यक्ष, ग्रामीण विकास प्रतिष्ठान | काठमाण्डौ |
| ३७. | श्री खेमराज रेग्मी | पूर्व सचिव, नेपाल सरकार, नेपाल नागरिक समाज | काठमाण्डौ |
| ३८. | श्री गणेशकुमार मण्डल | संयोजक, मधेशी नागरिक समाज | काठमाण्डौ |
| ३९. | श्री हस्तबहादुर गुरुङ | बरिष्ठ पत्रकार, फ्रिडम फोरम | काठमाण्डौ |
| ४०. | श्री बबिता बस्नेत | वरिष्ठ पत्रकार, मिडिया एड्भोकेसी ग्रुप | काठमाण्डौ |
| ४१. | श्री कृष्णमान प्रधान | कार्यकारी निर्देशक, नेपाल कानून समाज | काठमाडौ |
| ४२. | डा. भोला प्रसाद दाहाल | निर्वाचन विशेषज्ञ | रामेछाप |
| ४३. | श्री राजकुमार ढुङ्गाना | विशेषज्ञ | काठमाण्डौ |
| ४४. | श्री प्रेमा थापा | वरिष्ठ कार्यक्रम अधिकृत, नेपाल कानून समाज | काठमाण्डौ |

## सचिवालय समूह

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १. | श्री मिलन श्रेष्ठ | कार्यक्रम संयोजक |
| २. | श्री सरस्वती डंगोल | कार्यक्रम अधिकृत |
| ३. | श्री डिना श्रेष्ठ | कार्यक्रम अधिकृत |
| ४. | श्री गणेशमान प्रधान | प्रशासन तथा लेखा प्रमुख |
| ५. | श्री टंक पन्त | सञ्चार सहजकर्ता |
| ६. | श्री नारायण न्यौपाने | सञ्चार सहजकर्ता |
| ७. | श्री दिपा खत्री | कार्यक्रम सहायक |
| ८. | श्री भवानी कायष्ठ | कम्प्युटर अधिकृत |
| ९. | श्री नाइल श्रेष्ठ | प्रशासन तथा लेखा अधिकृत |
| १०. | श्री एलिज श्रेष्ठ | प्रशासन तथा लेखा अधिकृत |
| ११. | श्री रेणु श्रेष्ठ | कार्यालय सहायक |

## प्रतिवेदन लेखन समूह

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १. | श्री गोविन्द दास श्रेष्ठ | कानूनविज्ञ |
| २. | श्री हस्तबहादुर गुरुङ | वरिष्ठ पत्रकार |
| ३. | श्री अशोस्थामा पोखरेल | प्राविधिक विज्ञ |
| ४. | श्री उषा मल्ल पाठक | लैङ्गिकविज्ञ |
| ५. | श्री गणेशकुमार मण्डल | समावेशीविज्ञ |

अनुसूची २

# पर्यवेक्षणमा संलग्न व्यक्तिहरुको नामावली

## जिल्ला पर्यवेक्षकहरु

| क्र.सं. | जिल्ला | नाम | संस्था/ठेगाना |
|---|---|---|---|
| १ | दोलखा | श्री रामजी प्रसाद चौलागाई | पूर्व शिक्षक (नेपाल नागरिक मञ्च), दोलखा |
| २ | सिन्धुपाल्चोक | श्री ज्ञानेन्द्र तिमिल्सिना | उपाध्यक्ष, पत्रकार महासंघ, सिन्धुपाल्चोक |
| ३ | नुवाकोट | श्री श्रीराम श्रेष्ठ | प्रमुख, ग्रामीण विकास प्रतिष्ठान नुवाकोट शाखा |
| ४ | धादिङ | श्री विश्वराज अधिकारी | अधिवक्ता, धादिङ वेसी |
| ५ | चितवन | श्री सुदिप वस्ती | अधिवक्ता, वस्तीको कानूनी सेवा, भरतपुर |
| ६ | भक्तपुर | श्री सुमित्रा मल्ल | अधिवक्ता, भक्तपुर |
| ७ | काठमाण्डौं | श्री सरस्वती श्रेष्ठ | अधिवक्ता, काठमाण्डौ |
| ८ | ललितपुर | श्री डिल्ली रमण सिंह | पूर्व कर्मचारी, ललितपुर |
| ९ | गोरखा | श्री हरि बहादुर देवकोटा | कार्यकारी निर्देशक, युनिफिकेशन नेपाल, गोरखा |
| १० | कास्की | श्री जुनाकुमारी गुरुङ | अधिवक्ता, प्रमुख,  नागरिक संवाद केन्द्र, पोखरा |
| ११ | मुस्ताङ | श्री प्रारुप गुरुङ | समाजसेवी, मुस्ताङ |
| १२ | स्याङ्जा | श्री युगनारायण श्रेष्ठ | अधिवक्ता, जिल्ला अदालत स्याङ्जा, वालिङ बजार, स्याङ्जा |
| १३ | वाग्लुङ | श्री रामप्रसाद शर्मा | पूर्व अध्यक्ष, नेपाल बार एशोसिएसन, पुनरावेदन अदालत बाग्लुङ |
| १४ | नवलपरासी | श्री ध्रुव पौडेल | वरिष्ठ पत्रकार, नवलपरासी, परासी |
| १५ | जुम्ला | श्री पद्म बहादुर शाही | अधिवक्ता, प्रमुख, नागरिक संवाद केन्द्र, जुम्ला |
| १६ | सुर्खेत | डा. हर्कबहादुर शाही | प्राध्यापक, त्रि.वि., सुर्खेत |
| १७ | इलाम | श्री वीरबहादुर खड्का | अधिवक्ता, प्रमुख, नागरिक संवाद केन्द्र, इलाम |
| १८ | धनकुटा | श्री नरेश प्रसाद श्रेष्ठ | प्रमुख, नागरिक संवाद केन्द्र, धनकुटा |
| १९ | उदयपुर | श्री लक्ष्मीकुमारी चौधरी | अधिवक्ता, नेपाल बार इकाई, उदयपुर, गाईघाट–२ |
| २० | मोरङ | श्री सुरेश लाल श्रेष्ठ | वरिष्ठ अधिवक्ता, विराटनगर |
| २१ | सुनसरी | श्री मोहन कोइराला | अधिवक्ता, इनरुवा–३, सुनसरी |
| २२ | सप्तरी | श्री कृपानारायण यादव | अधिवक्ता, प्रमुख, नागरिक संवाद केन्द्र, सप्तरी |
| २३ | धनुषा | श्री रेखा झा | अधिवक्ता, प्रमुख, नागरिक संवाद केन्द्र, धनुषा |
| २४ | रौतहट | श्री सोनेलाल प्रसाद पटेल | अधिवक्ता, प्रमुख, नागरिक संवाद केन्द्र, रौतहट |
| २५ | रुपन्देही | श्री पुष्पा लक्ष्मी श्रेष्ठ | अधिवक्ता, भैरहवा, रुपन्देही वार इकाई |
| २६ | पाल्पा | श्री बाबुराम शर्मा | अधिवक्ता, प्रमुख, नागरिक संवाद केन्द्र, पाल्पा |
| २७ | दाङ | श्री लालिका पोखरेल | प्रमुख, नागरिक संवाद केन्द्र, दाङ |
| २८ | बाँके | श्री पदम पाण्डे | अधिवक्ता, प्रमुख, नागरिक संवाद केन्द्र, नेपालगञ्ज |
| २९ | कैलाली | श्री नरेन्द्र बहादुर शाह | अधिवक्ता, प्रमुख, नागरिक संवाद केन्द्र, कैलाली |
| ३० | कञ्चनपुर | श्री उमेश विष्ट | अधिवक्ता, प्रमुख, नागरिक संवाद केन्द्र, कञ्चनपुर |




प्रदेश १ इलाम, झापा, संखुवासभा, धनकुटा, मोरङ, सुनसरी, उदयपुर
प्रदेश २ सप्तरी, सिराहा, धनुषा, महोत्तरी, रौतहट
प्रदेश ३ दोलखा, रामेछाप, सिन्धुली, काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रे, धादिङ, नुवाकोट, चितवन
प्रदेश ४ गोरखा, नवलपरासी, कास्की, स्याङ्जा, मुस्ताङ, पर्वत, बाग्लुङ
प्रदेश ५ पाल्पा, रुपन्देही, दाङ्ग, बाँके, बर्दिया
प्रदेश ६ जुम्ला, सुर्खेत
प्रदेश ७ कैलाली, डडेलधुरा, कञ्चनपुर

**आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल**
**GENERAL ELECTION OBSERVATION COMMITTEE, NEPAL (GEOC)**

सचिवालय
नेपाल कानून समाज
पोस्ट बक्स नं. १३२११ बबरमहल, काठमाडौं
टेलिफोनः ४२६६७३५, फ्याक्स्ः ४२२८४९७
इमेलः nls@wlink.com.np